# प्रभाव दैनिक
National Daily

इ-पेपरका लागि

वर्ष १३ | अंक ६४ | काठमाडौं | शुक्रबार, १२ असार २०८३ | Prabhab National Daily | Friday, 26 June 2026 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रु. ५।-


## रास्वपा केन्द्रीय सदस्यमा संस्थापनकै दबदबा

### रवि लामिछाने र वालेन्द्र शाहले बाँडेका थिए बेग्लाबेग्लै चिर्कटो

■ प्रभाव संवाददाता

**काठमाडौं–** चितवनको भरतपुरमा जारी राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) को केन्द्रीय सदस्यको मतपरिणाम हेर्दा संस्थापन पक्षकै दबदबा देखिएको छ । बिहीबार अबेर प्राप्त नतिजाअनुसार केन्द्रीय सदस्यमा सबैभन्दा धेरै मत अर्थमन्त्रीसमेत रहेका डा. स्वर्णिम वाग्लेले पाएका छन् ।

डा. वाग्लेले प्रवासमा खसेको कुल ४९ मत नै आफ्नो पक्षमा पार्न सफल भएका छन् । प्रवासमा शत प्रतिशत मत पाउने उनी एक्लो उम्मेदवार हुन् । यससँगै डा. वाग्लेको कुल मत २ हजार ६ सय ५६ पुगेको छ । वाग्ले उपसभापतिका उम्मेदवार हुन् ।

खुल्लामा धेरै मत पाउने टप टेन केन्द्रीय सदस्य सभापति रवि लामिछाने समूहकै छन् । सोविता गौतमले २ हजार ५ सय ९४, शिशिर खनालले २ हजार ४ सय ९५, तोसिमा कार्कीले २ हजार २ सय ५७ र मनिष झाले २ हजार २ सय ३७ पाउँदै केन्द्रीय सदस्यमा निर्वाचित भएका छन् । यता कवीन्द्र बुर्लाकोटी २ हजार १ सय ८४, विपिनकुमार आचार्य २ हजार १ सय २६, विराजभक्त श्रेष्ठ २ हजार ९४ र गणेश पराजुली २ हजार ४५ मत पाउँदै निर्वाचित भएका छन् । त्यसैगरी सागर ढकालले २ हजार ३ सय ३३, रञ्जु दर्शनाले २ हजार २ सय ४९ र हरि ढकालले २ हजार २ सय १९ मत पाउँदै केन्द्रीय सदस्यमा निर्वाचित भएका छन् ।

भूगोलमा कोशी प्रदेशबाट स्वास्थ्यमन्त्री निशा मेहता, सांसद विश्वराज पोखेल, महिला नेतृ शोभा कार्की, कल्पना बस्नेत र सुजाता तामाङ केन्द्रीय सदस्यमा निर्वाचित भएका छन् । निर्वाचनमा गुट नबनाउन सभापति रवि लामिछाने र वरिष्ठ नेता वालेन्द्र शाह दुवैले चेतावनी दिए पनि आफ्नो समूहका उम्मेदवार जिताउन डिजिटल चिर्कटो बाँडिएको थियो ।



राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)को चितवनमा जारी प्रथम राष्ट्रिय महाधिवेशनमा सम्पन्न निर्वाचनको नतिजा सार्वजनिक गर्दै केन्द्रीय निर्वाचन आयोगका उपप्रमुख राम गुरुङ । *तस्बिरः रासस*

### महामन्त्रीमा ७ जनाको उम्मेदवारी

परराष्ट्रमन्त्रीसमेत रहेका शिशिर खनाल, निवर्तमान महामन्त्री कविन्द्र बुर्लाकोटी, निवर्तमान सहमहामन्त्री विपिन आचार्य, नेता गणेश पराजुली र मनिष झाले महामन्त्रीमा प्रतिस्पर्धा गर्ने घोषणा गरेका छन् । त्यस्तै, रञ्जु दर्शना र रास्वपाका नेता सागर ढकालले पनि महामन्त्रीमा उम्मेदवारी दिने बताएका छन् ।

केन्द्रीय सदस्य निर्वाचनको मतपरिणाम सार्वजनिक भई विजयी उम्मेदवारहरूको घोषणा भएसँगै उनीहरूले महामन्त्री पदमा दाबी प्रस्तुत गरेका हुन् । रास्वपाको निर्वाचन कार्यतालिकाअनुसार बिहीबार मध्यरातिदेखि पदाधिकारी चयनका लागि मतदान गर्ने तयारी छ ।

**९ जना मन्त्रीमा कसले कति ल्याए मत ?**

केन्द्रीय सदस्यमा प्रतिस्पर्धामा ओर्लिएका ९ जना मन्त्रीमा चार मन्त्रीले दुई हजार बढी मत कटाएका छन् । केन्द्रीय सदस्यमा सबभन्दा कम मत ल्याउने मन्त्री युवा, श्रम तथा रोजगार मन्त्री रामजी यादव छन् । उनको भागमा ८६९ मत परेको छ । अर्थमन्त्री स्वर्णिम वाग्लेले सर्वाधिक मत पाउँदा सोबिताले दोस्रो धेरै मत पाउन सफल बनिन् ।

⏭ क्रमशः पृष्ठ २ मा

## ‘फस्ट ट्र्याक’ को जसले विवादमा तानिए शिक्षामन्त्री पोखरेल

- त्रुटिपूर्ण नतिजा प्रकाशन गरेको भन्दै विद्यार्थीहरु आन्दोलनमा
- उत्तरपुस्तिका निःशुल्क हेर्ने व्यवस्था गर्न र पुनः परीक्षण शुल्क हटाउन माग
- विद्यार्थीको भविष्य खेलबाड गरेको भन्दै सरकारको विरोध

■ जेबी योञ्जन




**काठमाडौं–** कक्षा १२ को नतिजा समयभन्दा छिटो सार्वजनिक भएको भन्दै सरकारले त्यसलाई उपलब्धिका रूपमा प्रस्तुत गरिरहेका बेला नतिजाप्रति असन्तुष्ट विद्यार्थीहरू भने सडकमा उत्रिएका छन् । आफूहरूले अपेक्षा गरेभन्दा निकै कम ग्रेड प्राप्त गरेको, कतिपयलाई ननग्रेड (एनजी) आएको र उत्तरपुस्तिका परीक्षणमा त्रुटि भएको आशंका गर्दै विद्यार्थीहरूले राष्ट्रिय परीक्षा बोर्ड र शिक्षामन्त्री सस्मित पोखरेलमाथि प्रश्न उठाएका छन् ।

नतिजा सार्वजनिक भएको केही दिनमै सामाजिक सञ्जालमा विरोध चर्किएको थियो । बिहीबार भने असन्तुष्ट विद्यार्थीहरू माइतीघर मण्डलमै प्रदर्शनमा उत्रिए । उनीहरूको आरोप छ- सरकारले छिटो नतिजा निकाल्ने नाममा उत्तरपुस्तिका परीक्षण र डेटा प्रविष्टिमा पर्याप्त सावधानी नअपनाउँदा हजारौं विद्यार्थीको भविष्य जोखिममा परेको छ ।

बानेश्वरकी सीमा चन्द त्यही आक्रोश बोकेर माइतीघर पुगेकी थिइन् । विज्ञान संकायबाट कक्षा १२ उत्तीर्ण गरेपछि चिकित्सा शिक्षा अध्ययन गर्ने लक्ष्यसहित उनी एमबीबीएस प्रवेश परीक्षाको तयारीमा जुटेकी थिइन् । तर नतिजामा गणित र भौतिकशास्त्रमा एनजी आएपछि उनको सपना एकाएक संकटमा परेको छ ।

‘रातदिन नभनी मेहनत गरेर पढेँ । परीक्षा पनि राम्रो भएको थियो । ए प्लस नआए पनि बी प्लस आउला भन्ने विश्वास थियो,’ उनले भनिन्, ‘तर, दुई विषयमै एनजी आयो । मेरो परीक्षा त्यति खराब भएको थिएन । यो नतिजा कसरी आयो भन्ने नै बुझ्न सकेकी छैन ।’

सीमाले अन्य विषयमा समेत अपेक्षाभन्दा कम ग्रेड आएको बताउँदै सबै विद्यार्थीको उत्तरपुस्तिका निःशुल्क पुनः परीक्षण गर्न सरकारसँग माग गरिन् । ‘आफ्नो कपी हेर्न र पुनः परीक्षण गराउन पनि ठूलो रकम तिर्नुपर्छ । गल्ती हाम्रो होइन भने किन हामीले पैसा तिर्ने ?’ उनले सोधिन् ।

उदयपुरकी एसिका कार्की पनि त्यही गुनासो लिएर माइतीघर पुगिन् । होटल मेनेजमेन्ट अध्ययन गरेकी उनले परीक्षा राम्रो भएको दाबी गरिन् । तर, नतिजा हात पर्दा अपेक्षाभन्दा निकै कम अंक आएको देखेपछि उनी स्तब्ध भइन् ।



नतिजा समयमै प्रकाशन गर्न कुनै हतारो गरिएको होइन । आवश्यक जनशक्ति थप गरी र अनावश्यक प्रशासनिक प्रक्रिया छोट्याएर नतिजा प्रकाशित हुनुपर्ने समयमा नै प्रकाशित गरिएको हो ।

■ **सस्मित पोखरेल**
शिक्षामन्त्री

उनले भनिन्, ‘मेहनतअनुसार नतिजा आएन । पुनः परीक्षण गराउन जाँदा एउटा विषयकै चार हजार पाँच सय रूपैयाँ लाग्ने रहेछ । घरमा पनि राम्रो नतिजा नआएको भन्दै गाली भयो । फेरि रिचेकिङका लागि पैसा माग्दा पनि दिनुभएन । अब मैले चाहेको विषय पढ्न नपाउने भएँ ।’

विद्यार्थीहरूको आरोप अंक कम आएकोमा सीमित छैन । उनीहरू परीक्षा बोर्डले नतिजा सार्वजनिक गर्न हतार गर्दा परीक्षण प्रक्रियामै त्रुटि भएको हुनसक्ने आशंका व्यक्त गरिरहेका छन् ।

सामाजिक सञ्जालमा पनि शिक्षामन्त्री सस्मित पोखरेलको आलोचना बढिरहेको छ । विद्यार्थीहरूले मन्त्रालयले नतिजा प्रकाशनलाई उपलब्धि भनेर प्रचार गरे पनि त्यसको गुणस्तर सुनिश्चित गर्न नसकेको आरोप लगाएका छन् । कतिपयले इन्स्टाग्राम, डिस्कोर्ड र रेडिटमार्फत मन्त्रीविरुद्ध अभियानसमेत चलाएका छन् ।

राष्ट्रिय परीक्षा बोर्डका अनुसार यस वर्ष कक्षा १२ को नतिजामा एक लाख ४७१ विद्यार्थी ननग्रेड भएका छन् । यही तथ्याङ्कले पनि नतिजाको विश्वसनीयतामाथि प्रश्न उठ्न थालेको छ ।

⏭ क्रमशः पृष्ठ २ मा

**सन्दर्भः वैदेशिक रोजगार**

## संघसँग लोकतान्त्रिक एसोसिएसनको असन्तुष्टि

### सीप प्रमाणीकरणको विषयमा गम्भीर नबनेको आरोप

■ प्रभाव संवाददाता




**काठमाडौं–** नेपाल लोकतान्त्रिक वैदेशिक रोजगार व्यवसायी एसोसिएसनले साउदी अरबले लागू गरेको सीप प्रमाणीकरण कार्यक्रम (स्किल भेरिफिकेसन प्रोग्राम- एसभिपी)बारे नेपाल वैदेशिक रोजगार व्यवसायी संघ गम्भीर नभएको आरोप लगाएको छ । बिहीबार संघका अध्यक्ष डिकबहादुर खत्रीलाई पत्राचार गर्दै एसोसिएसनले व्यवसायीको छाता संस्थाले व्यवसायीका समस्या तथा हक हितसँग सम्बन्धित विषयमा अपेक्षित ध्यान दिन नसकेको आरोप लगाएको हो ।

एसोसिएसनका अध्यक्ष रामप्रसाद गैरे र महासचिव सुमनराज पाण्डेले पठाएको पत्रमा एसभिपीको विषयमा आफूहरूको गम्भीर ध्यानाकर्षण भएको भनिएको छ । आफू निर्वाचित भएर आएपछि एसभिपीका नाममा सिण्डिकेट लागू गर्न खोजिएकोप्रति सम्बन्धित निकायले बुझ्नेगरी अंग्रेजी भाषाको दैनिक पत्रिकामा अंग्रेजी भाषामा विज्ञप्ति प्रकाशन गरेको पनि एसोसिएसनले स्मरण गराएको छ । ‘व्यवसायीहरूको छाता संस्थाले आजका दिनसम्म पनि सम्बन्धित निकायले बुझ्न सक्नेगरी अंग्रेजी भाषामा या सोही देशको आफ्नो भाषामासमेत प्रेस विज्ञप्ति प्रकाशित गरी सिण्डिकेट प्रणालीप्रति संघको स्पष्ट धारणा आमव्यवसायीमाझ सर्कुलर गर्न नसक्नु चिन्ताको विषय बनेको छ,’ पत्रमा भनिएको छ । एसोसिएसनले संघलाई सम्बन्धित विषयमा गम्भीरतापूर्वक लागेर कडा कदम चाल्न अनुरोध गरेको छ ।

एसभिपीको नाममा सिण्डिकेट लागू गर्न खोज्नेहरूको पहिचान गरी किन नाम प्रकाशन नगरेको ? तथा व्यवसायीभित्रैबाट कसैको संलग्नता भए किन स्पष्टीकरण नसोधेको ? भनी एसोसिएसनले संघमाथि प्रश्न उठाएको छ । सिण्डिकेटको नाममा गरिने व्यवसायीमारा कार्यहरूको विपक्षमा रहेको एसोसिएसको दाबी छ ।

साउदी दूतावासले असार ३ गते सीप प्रमाणीकरण कार्यक्रमको उद्घाटन कार्यक्रम राखेको थियो । तर, वैदेशिक रोजगार व्यवसायीहरूले साउदी राजदूतले उद्घाटन गर्न लागेको कार्यक्रम बिथोलिदिए ।

⏭ क्रमशः पृष्ठ २ मा

## साउदीमा श्रमिकको गैरसंक्रमणीय रोगको स्क्रिनिङ गरिने

**काठमाडौं (प्रस)–** साउदी अरबले सबै कामदारको व्यावसायिक फिटनेस मूल्यांकन र गैरसंक्रमणीय रोग (एनसिडी) स्क्रिनिङ सुरू गर्ने भएको छ । त्यहाँको मानव संसाधन तथा सामाजिक विकास मन्त्रालयले उक्त परीक्षण तीन चरणमा गरिने उल्लेख गरेको साउदी ग्याजेटले उल्लेख गरेको छ ।

समाचारका अनुसार सो परीक्षण साउदी र गैरसाउदीका श्रमिकलाई लागू हुने छ । पहिलो चरणमा रोजगारी सुरु गर्नुअघि सबै कामदारको अनिवार्य गैरसंक्रमणीय रोगको परीक्षण गर्नुपर्ने छ । नियम कार्यान्वन भएपछि कम्पनीहरूले उक्त परीक्षण सुरु गर्नुपर्ने र त्यसको रिपोर्ट छ महिनाभित्र विद्युतीय प्रणालीमा अपलोड गर्नुपर्ने बताइएको छ ।

दोस्रो चरण १२ महिनासम्म जारी रहने जनाइएको छ । यस चरणमा त्यहाँ विगतदेखि कार्यरत कामदारको परीक्षण हुने छ । यो चरणमा उच्च जोखिमयुक्त क्षेत्रमा काम गर्नेहरूलाई विषेश प्राथमिकता दिने र सबै कम्पनीलाई विद्युतीय प्रणालीमा जोडिने जनाइएको छ ।

तेस्रो चरणमा उक्त नियम सबै कम्पनी, संस्थान तथा विभिन्न आर्थिक क्षेत्र र गतिविधिमा संलग्न कामदारमा पूर्णरूपमा लागू हुने समाचारमा उल्लेख गरिएको छ । यो चरणमा स्थायी कर्मचारी, अस्थायी वा मौसमी कामदार, प्रशिक्षार्थी, अपांगता भएका व्यक्तिलगायत सबै कर्मचारी समावेश हुने छन् ।

⏭ क्रमशः पृष्ठ २ मा

## जन्मदिनमा रक्षा सचिव शर्मा र सूचना विभागका महानिर्देशक पराजुलीले रोपे बिरुवा

■ प्रभाव संवाददाता



**काठमाडौं–** रक्षा मन्त्रालयका सचिव केदारनाथ शर्मा र सुचना तथा प्रसारण विभागका महानिर्देशक छबिन्द्र पराजुलीले पशुपतिनाथ भण्डारखालमा बिरुवा रोपेका छन् । बिहीबार जन्मदिनको अवसर पारी सचिव शर्मा र महानिर्देशक पराजुलीले संयुक्त रूपमा विभिन्न बिरुवा रोपेका हुन् ।

‘जन्मदिनलाई सत्कर्ममा जोडौं’ अभियान अन्तर्गत एकै दिन परेको जन्मदिन आँप तथा ज्याकारन्डाजस्ता बिरुवाहरू रोपेका हुन् । रौतहटबाट वरिष्ठ पत्रकार एवं समाजसेवी गोबिन्दप्रसाद चौलागाईंले सुरुवात गरेको अभियानमा जोडिएर सचिव शर्मा र पराजुलीले जन्मोत्सव मनाएका हुन् ।

अभियानले हाल सम्म १३ हजारभन्दा बढी वृक्षरोपण गरिसकेको राष्ट्रिय संयोजक चौलागाईंले बताए । समाजमा सकारात्मक सन्देश फैलाउन, वातावरण संरक्षण गर्न र नयाँ पुस्तामा सेवाभाव विकास गर्न महत्त्वपूर्ण भूमिका खेल्न सक्छ भन्ने मान्यताका साथ यो अभियान देशभर जारी रहेको उनले बताए ।

रौतहटमा जन्मोत्सव पार्कसमेत निर्माणाधीन अवस्थामा रहेकोले जिल्लाभरका नागरिकले आआफ्नो जन्मदिनमा पार्कमा पुगेर बृक्ष रोपेर जन्मोत्सव मनाउदै गएका छ्न । यो अभियानबाट काभ्रेको धुलिखेल-१० र सिन्धुपाल्चोकको साँगाचोकगढी, थारमारे डाँडामा नागरिकको तहबाट जन्मोत्सव पार्क निर्माणाधीन अवस्थामा रहेको चौलागाईंले बताए । सचिव शर्माले जन्मदिनलाई सेवा भावका साथ सत्कर्ममा जोडिन पाउँदा खुसी लागेको बताए ।

महानिर्देशक पराजुलीले जन्मदिनमा बिरुवा रोपेर बगैंचा नै बनाउन सकिने बताए । यो अभियानलाई देशभर उत्सवको रूपमा मनाउन सकिने उनले बताए । जन्मोत्सवलाई भड्किलो र खर्चिलो नभइ मानवमा सेवा भावको विकास गराउँदै स्वच्छ अनि स्वस्थ वातावरण तयार गराउने अभियानमा सबै जोडिन चौलागाईले आग्रह गरेका छन् ।

कार्यक्रममा प्रेस काउन्सिलका मुख्य अधिकृत झबिन्द्र भुसाल, प्रभाव राष्ट्रिय दैनिकका प्रबन्ध निर्देशक कृष्ण कार्की, अन्तर्राष्ट्रिय खेलाडी राधिका हमाललगायतका अभियन्ता सहभागी थिए । कार्यक्रम साँझ ६ बजे आयोजना गरिएको अभियानका काठमाडौ जिल्ला संयोजक मनोज थापाले बताए ।

# श्रम विभागद्वारा निजी अस्पताल र बैंकको अनुगमन

**काठमाडौं–** श्रम तथा व्यवसायजन्य सुरक्षा विभागले विभिन्न निजी अस्पताल, बैंक तथा वित्तीय संस्थामा गरिएको अनुगमनका क्रममा श्रम कानुनको उल्लङ्घन पाइएको भन्दै ध्यानाकर्षण गराएको छ ।

विभागले बिहीबार प्रेस विज्ञप्ति जारी गर्दै प्रचलित श्रम ऐन तथा नियमावली पालना नगर्ने प्रतिष्ठानलाई कानुनी कारबाही गर्ने जनाएको छ । विभागका अनुसार पछिल्लो समय गरिएका अनुगमनका क्रममा निजी अस्पतालमा कार्यरत चिकित्सक, स्वास्थ्यकर्मी तथा आपूर्ति गरिएका श्रमिकलाई ‘ओभर टाइम’बापतको पारिश्रमिक नदिइएको पाइएको छ ।

त्यसैगरी, उनीहरूलाई लगातार लामो समय काममा लगाउने र सरकारले तोकेको न्यूनतम पारिश्रमिकसमेत उपलब्ध नगराएको पाइएको छ । विभागले यस्ता कैफियत देखिएका संस्थाहरूलाई तोकिएको समयभित्र सुधार गर्न निर्देशनसमेत दिएको छ । बैंक तथा वित्तीय संस्थामा आपूर्ति गरिएका सुरक्षाकर्मी र श्रमिकको हकमा पनि उस्तै समस्या देखिएको विभागले जनाएको छ । न्यूनतम पारिश्रमिक नदिने, धेरै घण्टा काममा लगाउने र चाडपर्व खर्चसमेत उपलब्ध नगराएको गुनासो आएपछि विभागले ती संस्थालाई प्रचलित कानुनी व्यवस्था कार्यान्वयनका लागि पत्राचार गरेको छ ।

विज्ञप्तिमा उल्लेख भएअनुसार विभागले २०८२ साउनदेखि २०८३ जेठ मसान्तसम्म तीन हजार २६७ प्रतिष्ठानको निरीक्षण गरेको छ । सोही अवधिमा तीन हजार १३७ प्रतिष्ठानमा बालश्रम निरीक्षण गरिएको र तीन हजार ३९० श्रम अडिट प्रतिवेदन प्राप्त भएको छ ।

त्यसैगरी, २०८२ चैत १३ गतेदेखि २०८३ असार १० गतेसम्ममा ७६१ प्रतिष्ठानको श्रम निरीक्षण गरिएको र ६७९ श्रम अडिट प्रतिवेदन प्राप्त भएको तथ्याङ्क छ । श्रम नियमावली २०७५ को नियम ५६ बमोजिम प्रत्येक प्रतिष्ठानले प्रत्येक वर्षको पुस मसान्तभित्र अनिवार्य रूपमा श्रम अडिट गराउनुपर्ने व्यवस्था छ ।

त्यस्तै, श्रम ऐन, २०७४ को दफा ५९ अनुसार इजाजत प्राप्त कम्पनीले सुरक्षा, सरसफाइ, व्यावसायिक सहयोग र घरेलु सहयोगजस्ता तोकिएका सेवामा मात्र श्रमिक आपूर्ति गर्न पाउने व्यवस्था छ । विभागले श्रम ऐन २०७४ र श्रम नियमावली २०७५ का प्रावधान पूर्ण रूपमा कार्यान्वयन गर्न सबै प्रतिष्ठानलाई अपिल गरेको छ । श्रमसम्बन्धी प्रचलित कानुनी व्यवस्था पालना नगरेमा आवश्यक कारबाही गरिने विभागका प्रवक्ता मणिनाथ गोपले बताए । *रासस*

# सीमा नाकामा सहजीकरण गर्न 'सीमा संवाद टोली' गठनको तयारी

**काठमाडौं–** सशस्त्र प्रहरी महानिरीक्षक नारायणदत्त पौडेलले सङ्गठनलाई प्राप्त ‘म्याण्डेड’ अनुसार सीमा सुरक्षा, विपद् व्यवस्थापन र राजस्व चुहावट नियन्त्रणमा प्रभावकारी ढङ्गबाट कार्यसम्पादन भइरहेको बताएका छन् । सशस्त्र प्रहरी प्रधान कार्यालय हल्चोकमा आज सञ्चारकर्मीसँगको भेटमा पौडेलले मौसमजन्य विपद् व्यवस्थापनका लागि पूर्वतयारी र प्रतिकार्य योजना निर्माण गरी सरोकारवाला निकायसँग पूर्णसमन्वयका साथ काम प्रारम्भ भइसकेको बताएका हुन् ।

महानिरीक्षक पौडेलले सीमा सुरक्षालाई विगतभन्दा थप व्यवस्थित बनाउने ढङ्गबाट काम गर्ने प्रयास गरिएको जानकारी दिए । सीमा अपराध नियन्त्रणको सन्दर्भमा जनशक्ति, प्रविधि र परिचालनको चुनौती भोग्नुपरेको उल्लेख गर्दै उनले परिणाममुखी कामका लागि सङ्गठन प्रतिबद्ध रहेको बताए । राजस्व चुहावट नियन्त्रण सरकारको उच्च प्राथमिकतामा रहेको जानकारी दिँदै पौडेलले त्यस विषयलाई सङ्गठनले आत्मसात गरेर सरकारको लक्ष्य प्राप्तिमा कटिबद्ध भएर परिचालित भएको बताए ।

सशस्त्र प्रहरीसम्बन्धी कानुन निर्माणका प्रक्रिया अघि बढिरहेको जानकारी दिँदै महानिरीक्षक पौडेलले त्यसबाट कानुनी र नीतिगत स्पष्टता ल्याउने धारणा राखे । उनले आर्थिक सुशासन र पारदर्शीता सरकारको मूल लक्ष्य भएको सन्दर्भमा सङ्गठनभित्रका आर्थिक पारदर्शीता र सुशासनसम्बन्धी गुनासालाई समयमै निराकारण गर्न शून्य सहनशीलताको नीति अवलम्बन गरिएको स्पष्ट पारे । ‘आन्तरिक सुरक्षालाई मबजुद बनाउने गरी काम भइरहेको छ, अहिले नयाँ कुरा ‘सेटअप’ गर्नेभन्दा पनि भइरहेको कुराबाट कसरी उत्कृष्ट नतिजा दिने भनेर हामीले काम गरिरहेका छौं’, महानिरीक्षक पौडेलले भने । सरकार र जनताको अपेक्षा पूरा गर्न सशस्त्र प्रहरी बल क्रियाशील रहेका उनको भनाइ थियो ।अगाडि लैजाने ? कसरी सङ्गठनलाई विकास-विस्तार गर्ने र यसका विभिन्न आयाममा अनुसन्धान र योजना निर्माण गर्ने उद्देश्यले काम भइरहेको छ,’ पौडेलले भने । *रासस*

पृष्ठ १ बाट क्रमशः

## फस्ट ट्र्याक...

यद्यपि बोर्डले भने उत्तरपुस्तिका परीक्षणमा कुनै लापरवाही नभएको दाबी गरेको छ । कक्षा १२ का परीक्षा नियन्त्रक कृष्णप्रसाद शर्माले नतिजा छिटो सार्वजनिक गरिए पनि गुणस्तरमा सम्झौता नगरिएको बताए । ‘छिटो नतिजा निकाल्न अन्तर्राष्ट्रिय अभ्यासमा कुनै सम्झौता गरिएको छैन,’ शर्मा भन्छन्, ‘गत वर्षसम्म केन्द्रीय रूपमा गरिने सम्परीक्षण यस पटक शाखा, कार्यालय र प्रदेश कार्यालयमार्फत गरिएको हो । नयाँ प्रविधिको प्रयोग गरिएको छ ।’

उनले केही मानवीय त्रुटि हुनसक्ने बताएपनि त्यसलाई प्रणालीगत समस्या भन्न नमिल्ने बताए । ‘विद्यार्थीलाई उत्तरपुस्तिका हेर्ने, पुनर्योग गर्ने र पुनः परीक्षण गराउने कानुनी व्यवस्था छ । विगतमा पनि पुनर्योगपछि दुई प्रतिशतभन्दा बढी नतिजा परिवर्तन भएको देखिएको छैन,’ उनले भने ।

शर्माका अनुसार प्रत्येक विषयका लागि उत्तरकुन्जिका तयार गरिएको थियो र शिक्षकलाई तालिम तथा अभिमुखीकरण दिएर मात्रै उत्तरपुस्तिका परीक्षणमा खटाइएको थियो । तर, विद्यार्थीहरू बोर्डको यही तर्कबाट सन्तुष्ट छैनन् । उनीहरूका अनुसार यदि प्रक्रिया यति व्यवस्थित थियो भने ठूलो संख्यामा विद्यार्थीले नतिजाप्रति असन्तुष्टि जनाउनुको कारण के हो भन्ने प्रश्नको जवाफ बोर्डले दिन सकेको छैन ।

विवाद चर्किएपछि शिक्षामन्त्री सस्मित पोखरेलले पनि सफाइ दिएका छन् । उनले नतिजा प्रकाशनमा कुनै हतारो नगरिएको दाबी गर्दै आवश्यक जनशक्ति थपेर र अनावश्यक प्रशासनिक प्रक्रिया छोट्याएर मात्रै नतिजा समयमै सार्वजनिक गरिएको बताए । ‘नतिजा समयमै प्रकाशन गर्न कुनै हतारो गरिएको होइन,’ उनले भने, ‘मन्त्री पोखरेलले सामाजिक सञ्जालमार्फत भने ,‘आवश्यक जनशक्ति थप गरी र अनावश्यक प्रशासनिक प्रक्रिया छोट्याएर नतिजा प्रकाशित हुनुपर्ने समयमा नै प्रकाशित गरिएको हो ।’

उनले नतिजा प्रक्रियाबारे उठेका प्रश्नहरूको अध्ययन गर्न मन्त्रालय र पाठ्यक्रम विकास केन्द्रका उपसचिवहरू सम्मिलित समिति गठन गरिएको जानकारी पनि दिएका छन् । समितिले उत्तरपुस्तिकाको नमुना परीक्षण, परीक्षाङ्क तथा डेटा इन्ट्रीको प्रमाणीकरण गर्ने बताइएको छ ।

यद्यपि, आन्दोलनरत विद्यार्थीहरू भने छानबिन समितिको घोषणाभन्दा पनि ठोस परिणाम चाहन्छन् । उनीहरूको माग छ कि सबै प्रभावित विद्यार्थीलाई निःशुल्क रूपमा उत्तरपुस्तिका हेर्ने व्यवस्था गरियोस् र पुनः परीक्षण शुल्क हटाइयोस् । नतिजामा त्रुटि भए त्यसको जिम्मेवारी सम्बन्धित निकायले लिनुपर्छ । कक्षा १२ को परीक्षाफल यही ५ असारमा सार्वजनिक भएको थियो । लगत्तै शिक्षामन्त्री पोखरेलले ४० दिनमा नतिजा प्रकाशन भएको भन्दै राष्ट्रिय परीक्षा बोर्डलाई धन्यवाद दिएका थिए ।

■■■

## रास्वपा केन्द्रीय...

परराष्ट्रमन्त्री शिशिर खनालले २ हजार ४ सय ९५, ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्री विराजभक्त श्रेष्ठले २ हजार ९४ मत पाए । शिक्षा तथा खेलकुद मन्त्री सस्मित पोखरेलले १ हजार ८ सय ३३ मत पाउँदा स्वास्थ्य मन्त्री निशा मेहताले भूगोलतर्फ १ हजार ८ सय ६१, कृषि, वन तथा पर्यावरण मन्त्री गीता चौधरीले १ हजार ५ सय १६ मत पाए । महिला तथा बालबालिका मन्त्री सीता वादीले भूगोलतर्फ १ हजार ७ सय ५१ मत पाइन् ।

मन्त्रीपरिषदका ६ जना सदस्यले उम्मेदवारी दिएका छैनन् । प्रधानमन्त्री शाह सिधै वरिष्ठ नेतामा मनोनीत हुने भएकाले उनले केन्द्रीय सदस्यमा उम्मेदवारी दिनु पर्दैन । त्यस्तै, गृहमन्त्री सुधन गुरूङ र भौतिक पूर्वाधार मन्त्री सुनील लम्सालले पनि उम्मेदवारी दिएका छैनन् । सामान्य प्रशासनमन्त्री प्रतिभा रावल, सूचना तथा सञ्चार मन्त्री विक्रम तिमल्सिना, पर्यटन तथा नागरिक उ•यन मन्त्नी खडकराज पौडेल (गनेश) र उद्योग वाणिज्य तथा आपूर्ति मन्त्री गौरीकुमारी यादव पनि उम्मेदवारी नदिनेमा पर्छन् ।

■■■

## संघसँग...

त्यसपछि उक्त कार्यक्रम स्थगन गरिएको थियो । साउदी दूतावासले अन्य मुलुकमासमेत यो कार्यक्रम लागू भइसकेकाले नेपालमा पनि कार्यान्वयन गरिने अडान दोहोर्‍याएको थियो । दूतावासले सोही अडानको पत्र बुधबार युवा, श्रम तथा रोजगार मन्त्रालयलाई पठाएको छ । मन्त्रालयले यस विषयमा अध्ययन तथा सरोकारावालासँग छलफलपछि निर्णय लिने जनाएको छ ।

साउदी दूतावासले यो कार्यक्रम श्रमिककै हितमा रहेको दाबी गर्दै आएको छ । दूतावासकाअनुसार दक्ष कामदारको सुनिश्चित गर्न सीप प्रमाणीकरण गर्न लागिएको हो । हाल लोड/अनलोड वर्कर, क्यारियर, हि्वलब्यारो वर्कर, कन्स्ट्रक्सन र कस्न्ट्रक्टिङ वर्क गरी पाँचवटा पेसाका लागि सीप प्रमाणीकरण लागू गरिने र पछि अन्य पेसामा विस्तार गर्दै लगिने दूतावासले जारी गरेको सूचनामा उल्लेख छ । यसका लागि श्रमिकले सैद्धान्तिक र प्रयोगात्मक परीक्षाबापत करिब १५ हजार रूपैयाँ बुझाउनुपर्नेसमेत भनिएको छ ।

■■■

## साउदीमा श्रमिकको...

समाचारका अनुसार कामदारले निर्धारित आवश्यकता पूरा नगरे गरिरहेको कामलाई निरन्तरता दिन पाउने छैनन् । यस्तो अवस्थामा कम्पनीले कामदारको काम परिवर्तन गर्न आवश्यक कदम चाल्नुपर्ने र आवश्यक काम गर्न सक्ने क्षमताको प्रमाण देखाउन थप परीक्षाको अनुमति दिनुपर्ने भनिएको छ ।

रोजगारीका लागि आवेदन दिएकाहरूले आफ्नो परीक्षणको नतिजा नआएसम्म काम सुरु गर्न पाउने छैनन् । रोजगारका क्रममा पनि चोटपटक या रोग लागे, पेसा वा कामको वातावरण परिवर्तन भए, वा पेसाको प्रकृतिमा नियमित मूल्यांकन आवश्यक परेमा परीक्षा सञ्चालन गरिने जनाइएको छ ।

यस कदमले साउदीको भिजन-२०३० को लक्ष्यअनुरूप स्वस्थ र उत्पादक जनशक्ति सिर्जना गर्नुका साथै गैरसंक्रामक रोगको समस्या न्यूनीकरण गर्ने भनिएको छ । यसले कार्यस्थलको सुरक्षा सुधार गर्ने, कामदार अनुपस्थित हुने दर घटाउने र उनीहरूलाई कामको जिम्मेवारीअनुसार स्वस्थ बनाउने साउदी सरकारको दाबी छ ।


**युएइमा रोजगार** कम्पनी : KAF ALRAKHA BUILDING MAINTENANCE

पूर्व स्वीकृति मिति : २०८२/०४/११ पुन: विज्ञापन स्वीकृति मिति : २०८३/०३/११ LT. No. 327903 चलानी नं. ६०२४१७९२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaners | 20 | 0 | 1200 | ४९,३४८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति : २०८३ असार १७ गते (1st Jul. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु. २६०६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाइमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्री पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Govt. License 083/053/054
Mobhira Overseas Service Pvt. Ltd.
Basundhara, Kathmandu, Nepal, Tel: +977 -014982832
Email: mobhiraoverseas111@gmail.com, mobhiraoverseas222@gmail.com

**कुवेतमा रोजगार** कम्पनी : PLAY ENTERPRISES GENERAL TRADING AND CONTRACTING COMPANY

पूर्व स्वीकृति मिति : २०८१/१०/२९ पुन विज्ञापन स्वीकृति मिति : २०८३/०३/११ LT. No. 318682 चलानी नं. ६०२३२९२०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Helper | 67 | 27 | 90 | ४३,९१५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति : २०८३ असार १९ गते (3rd July 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले | दिने | रोजगारदाता कम्पनीले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रोजगारदाता कम्पनीले | निःशुल्क | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले |


वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाइमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्री पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।


CONFIDENT INTERNATIONAL MANPOWER PVT.LTD
Sinamangal-9, Kathmandu, Nepal, Ph. No: 01-5918958-01-5918957
E-mail : confident1423@gmail.com, Web: www.confidentmanpower.com
श्रम ईजाजत नं. १४२३/०७४/७५

**बहराइनमा रोजगार** कम्पनी : PAN ARAB COMPANY WLL

पूर्व स्वीकृति मिति : २०८३/०३/११ LT. No. 344006 चलानी नं. ६०२५७३१०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव BD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | General Operative Worker | 50 | 0 | 120 | ४८,०८५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति : २०८३ असार १९ गते (3rd Jul. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |


वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाइमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्री पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।


Gov.Lic.No.: 1101/073/074
KINETIC H.R.SOLUTION PVT.LTD. (Access Partners Nepal Pvt. Ltd.)
Tokha-10, Samakhusi, Kathmandu, Nepal Tel:+977-1-014956899
E-mail : mail@apnepal.com.np, Website : www.apnepal.com.np

**साउदीमा रोजगार** कम्पनी : ELITE POULTRY PROJECT COMPANY

पूर्व स्वीकृति मिति : २०८३/०३/११ LT. No. 343831 चलानी नं. ६०२५७३३०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Poultry Labours | 8 | 0 | 1200 | ४८,३९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति : २०८३ असार १९ गते (3rd Jul. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |


वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाइमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्री पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।


श्रम ईजाजत नं. ३७३७११/०८२/०८३
Globe Asia Air International Overseas Pvt. Ltd
Gausala-9, Tilgangamarga, Kathmandu, Nepal, Mobile No. 9863184127
E-mail: info@globeasiaoverseas.com.np


## आजको राशिफल



**ज्यो. गुरु अनन्त**
अनन्त योग अल्केमी
स्वयम्भू, काठमाडौं, नेपाल
फोन : ९८४९२०३४५६

शुक्रबार, १२ असार, २०८३

| | |
|---|---|
| मेष | काममा नयाँ अवसर आउन सक्छ । आत्मविश्वास बढ्नेछ, तर हतारमा निर्णय नगर्नुहोस । |
| वृष | आर्थिक पक्षमा सुधारको संकेत छ । परिवारसँगको सम्बन्ध राम्रो रहनेछ । |
| मिथुन | नयाँ योजना बनाउन अनुकूल समय । यात्रा वा भेटघाटबाट फाइदा हुन सक्छ । |
| कर्कट | मनमा उत्साह रहनेछ । स्वास्थ्यमा ध्यान दिनु राम्रो । |
| सिंह | नेतृत्व गर्ने अवसर मिल्न सक्छ । खर्चमा नियन्त्रण गर्नुहोस । |
| कन्या | काममा प्रगति हुनेछ । पुराना समस्या समाधानतर्फ जानेछन३ । |
| तुला | सम्बन्ध र सहकार्यबाट लाभ मिल्नेछ । निर्णय सोचेर लिनुहोस । |
| वृश्चिक | मेहनतको परिणाम प्राप्त हुने दिन । नयाँ जिम्मेवारी आउन सक्छ । |
| धनु | ज्ञान र सीप बढाउने अवसर मिल्नेछ । सकारात्मक सोच राख्नुहोस । |
| मकर | आर्थिक योजना सफल हुन सक्छ । परिवारको सहयोग मिल्नेछ । |
| कुम्भ | सामाजिक सम्मान बढ्न सक्छ । नयाँ सम्पर्क उपयोगी बन्नेछ । |
| मीन | सिर्जनात्मक काममा सफलता मिल्नेछ । भावनामा बहेर निर्णय नगर्नुहोस । |

## प्रहरी तथा एम्बुलेन्स

| | |
|---|---|
| प्रहरी कन्ट्रोल क प्रहरी | १०० |
| जिल्ला प्रहरी (काठमाडौं) | ४२६१९४५/४२६१७९० |
| जिल्ला प्रहरी (ललितपुर) | ५५२१२०७ |
| जिल्ला प्रहरी भक्तपुर) | ६६१४८२१ |
| आकस्मिक प्रहरी सेवा | ४२२६९९९ |
| परोपकार एम्बुलेन्स सेवा | ४२६०८५९ |
| बिशालबजार एम्बुलेन्स सेवा | ४२४४१२१ |
| रेडक्रस एम्बुलेन्स सेवा | ४२२८०९४ |
| ललितपुर रेडक्रस एम्बुलेन्स सेवा | ५५४५६६६ |
| अग्रवाल सेवा केन्द्र | ४४२४८७५ |
| बाल हेल्पलाइन नेपाल | १०९८ |
| वालवालिका खोजतलास समन्वय केन्द्र | १०४/४२२६००६ |

## अस्पताल र विविध

| | |
|---|---|
| दमकल | १०१ |
| रक्तसञ्चार केन्द्र | ४२२५३४४ |
| नेपाल आँखा बैंक | ४४९३६८४ |
| नेपाल आँखा अस्पताल | ४२५०६९१ |
| मध्यपुर अस्पताल, भक्तपुर | ०१-६६३१६५८ |
| तिलगंगा आँखा अस्पताल | ४४९३६८४ |
| वीर अस्पताल | ४२२१९८८ |
| त्रिवि शिक्षण अस्पताल | ४४१२७०७ |
| प्रसूति गृह | ४२५३२७६ |
| टेकु अस्पताल | ४२५३३९६ |
| पाटन अस्पताल | ५५२२२७८ |
| भक्तपुर अस्पताल | ६६१०६७६ |
| मानसिक अस्पताल | ५५२१३३३ |
| कान्ति बाल अस्पताल ४४१४७९८/४४२७४५२ | |
| काठमाडौं मोडेल अस्पताल | ४२४०८०५२६ |
| बी एण्ड बी अस्पताल | ५५३३२०६ |
| मेडिकेयर नेसनल अस्पताल | ४४६७०६७ |
| मेडिकेयर नेसनल अस्पताल (एम्बुलेन्स) | ४४६७०६७ |
| फ्रेन्डस अफ शान्ता भवन | ४४७०१८१ |
| नेपाल अर्थोपेडिक अस्पताल | ४४९३७२५ |
| काठमाडौं मेडिकल कलेज तथा शिक्षण अस्पताल, सिनामंगल | ४४७६१५२ |
| नेपाल मेडिकल कलेज तथा शिक्षण अस्पताल, जोरपाटी | ४९११००८ |
| कान्तिपुर डेण्टल हस्पिटल, महाराजगञ्ज | ४३७०१३६ |
| कान्तिपुर हस्पिटल, सुविधानगर, तिनकुने | ४१११९५७/८५८ |
| ओम हस्पिटल एण्ड रिसर्च सेन्टर | ४४७६२२५ |
| नर्भिक, थापाथली | ४२५८५५४ |
| सहिद गंगालाल राष्ट्रिय हृदय रोग केन्द्र | ४३७१३२२/४३७१३७४ |
| लाइफ केयर अस्पताल | ४२२७७३५ |
| मितेरी अस्पताल | ६६३१७३६२६६३४०१६ |
| क्यापिटल हस्पिटल (प्रा.) लि. | ४२४४०२२ |
| श्री सत्यसाइ निःशुल्क एम्बुलेन्सर शववाहन (पूर्व काठमाडौं) | ४४९८०३५ |
| निःशुल्क होमियो दातब्य चिकित्सालयरशववाहन सेवा (काठमाडौं) भक्तपुर रेडक्रस | ४२५५५४०/४२५५५४१ ६६१२२६६ |
| **एम्बुलेन्सररक्तसञ्चार सेवा नेसनल** किडनी सेन्टर | ४३६३४५२/४३६०८८९ |
| मानसिक अस्पताल | ४४८०१७० |
| ह्याम्स अस्पताल, बुद्धनगर | ४७८४८४०/४७८५१५७ |
| ईशान बाल नर्सिंग होम तथा प्रसूति गृह (प्रा.) लि. | ४३५४५३७/४३८१९६२ |
| गोर्खा अस्पताल र रिसर्च इस्टिच्यूट | ४२५८५५२/४२५८५५१ |
| मनमोहन मेमोरियल अस्पताल, लैनचौर | ४४११६०५/४४२०८२३ |
| भरोसा अस्पताल प्रा.लि., बानेश्वर | ४४७४९६८/४४८९८९१ |

## शववाहन र विविध

| | |
|---|---|
| सामुदायिक मानसिक स्वा.से. केन्द्र, डांछी | ०१ ६९१२१४४ |
| जनमैत्री हस्पिटल, बालाजु | ४३६६३०१-०५ |
| विनायक अस्पताल तथा प्रसति गृह, गोंगबु | ४३८३१५२/४३८०८४८ |
| नेपाल चेम्बर अफ कमर्स | ४२३०२१३ |
| पशुपति आइघाट सेवा कन्द्र | ४४९२९९९ |
| देव कर्नर निःशुल्क शववाहन सेवा | ४४३४०९३ |
| नेपाल मिटर ट्याक्सी संघ | ४२२४३७४ |

## नेपाल राष्ट्र बैंक

१२ असार, २०८३ (२६ जुन २०२६)

| मुद्रा | एकाइ | खरिद दर | बिक्री दर |
|---|---|---|---|
| भारतीय रूपैयाँ | १०० को | १६०.०० | १६०.१५ |
| अमेरिकी डलर | १ को | १५१.१७ | १५१.७७ |
| युरो | १ को | १७१.४९ | १७२.१८ |
| पाउन्ड स्टिर्लङ | १ को | १९८.९४ | १९९.७३ |
| स्विस फ्रैन्क | १ को | १८६.०० | १८६.७४ |
| अस्ट्रेलियन डलर | १ को | १०४.१७ | १०४.५८ |
| क्यानाडियन डलर | १ को | १०६.२५ | १०६.६७ |
| सिङगापुर डलर | १ को | ११६.३९ | ११६.८५ |
| जापानी येन | १० को | ९.३५ | ९.३९ |
| चिनियाँ युआन | १ को | २२.२० | २२.२८ |
| साउदी अरब रियाल | १ को | ४०.२७ | ४०.४३ |
| कतारी रियाल | १ को | ४१.४७ | ४१.६४ |
| थाई भाट | ख १ को | ४.५२ | ४.५४ |
| संयुक्त अरब इमिरेट दिराम | १ को | ४१.१६ | ४१.३२ |
| मलेसियन रिङेट | १ को | ३६.५३ | ३६.६८ |
| दक्षिण कोरियन वन | १०० को | ९.७७ | ९.८१ |
| स्विडिस क्रोनर | १ को | १५.४६ | १५.५२ |
| डेनिस क्रोनर | १ को | २२.९४ | २३.०३ |
| हङकङ डलर | १ को | १९.२८ | १९.३६ |
| कुवेती दिनार | १ को | ४९०.९७ | ४९२.९२ |
| बहराइन दिनार | १ को | ४००.९५ | ४०२.५५ |

यो विनिमय दरलाई बैंकले आवश्यकता अनुसार जुनसुकै समयमा पनि संशोधन गर्न सक्नेछ । वाणिज्य बैंकहरूले ताक्ने विनिमय दर भने फरक हुन सक्नेछ । अद्याबीधक विनिमय दर बैंकको वेभसाइट www .nrb .org .np मा उपलब्ध हुनेछ ।

# मुनामा पक्की नाला निर्माण

**म्याग्दी–** धौलागिरि गाउँपालिका-३ मुनामा ढल व्यवस्थापन आयोजना निर्माण भएको छ । संघीय सरकारको विशेष अनुदानमा धौलागिरि गाउँपालिकाले मुना गाउँको सरसफाइ र ढल व्यवस्थापनका लागि नाली (पक्की नहर) निर्माण गरेको हो । मुनामा हाल धौलागिरि गाउँपालिकाको केन्द्र रहेको छ ।

भिरालो पाखोमा गुजमुज्ज बाक्लो बस्ती रहेको मुनाका घरहरूबाट निस्कने फोहोर पानी र बर्खायाममा बग्ने पानीको सुरक्षित तथा व्यवस्थित निकासका लागि पक्की नाला निर्माण गरिएको धौलागिरि-३ का वडाध्यक्ष देवेन्द्र रोकाले बताए । 'बर्खामा पाखामा बग्ने पानीले गाउँलाई असुरक्षित र घरबाट निस्कने ढलका कारण फोहोर व्यवस्थापनमा चुनौती थियो,' उनले भने, 'मुना गाउँलाई सफा र सुरक्षित बनाउने उद्देश्यले पक्की नाला निर्माण गरिएको हो ।'

मुनामा करिब ३०० घरपरिवारको बसोबास रहेको छ । उक्त योजना निर्माणका लागि गत माघ २५ गते निर्माण कम्पनीले ६० लाख ७८ हजार रूपैयाँमा ठेक्का सम्झौता गरेको थियो । योजनामार्फत ९८९ मिटर लामो पक्की नहर निर्माण भएको वडाध्यक्ष रोकाले जानकारी दिए । यही असार १५ गतेसम्म ठेक्काको म्याद रहेको योजना लक्ष्यअघि नै सम्पन्न भएको उनले बताए ।

स्थानीयवासी नन्दप्रसाद पुनले पक्की नाला बनेपछि बस्ती सुरक्षित र सुन्दर भएको बताए । घरभित्र बाढी पस्ने र फोहोर हुने समस्या हटेको अर्का स्थानीयवासी मुमबहादुर पुनले बताए । यस वर्ष धौलागिरि गाउँपालिकाको गुर्जाका साथै वडा नम्बर १ को गुर्जामा पनि ढल व्यवस्थापन योजना निर्माण भएको छ । गुर्जाखानी छन्त्याल बस्ती पूर्वाधार योजनामार्फत २२ लाख ९९ हजार रूपैयाँको लागतमा २६० मिटर पक्की नाला निर्माण भएको छ । गत वर्ष वडा नम्बर ४ मुदीमा ढल व्यवस्थापन आयोजना सञ्चालन भएको थियो । संघीय विशेष अनुदानको बजेटबाट मुदीमा ३७ लाख ७७ हजार रूपैयाँमा ठेक्का सम्झौता गरी ४०० मिटर पक्की नहर निर्माण भएको थियो । *रासस*

# उत्तरी गोरखास्थित सीमा क्षेत्र र सीमा स्तम्भको अनुगमन

**गोरखा (प्रस)–** उत्तरी गोरखाको सामागाउँ र साम्दोस्थित नेपाल प्रहरी र सशस्त्र प्रहरी (बिओपी) को संयुक्त टोलीले नेपाल-चीन सीमा स्तम्भ तथा सीमा इलाकाको संयुक्त अनुगमन गरेको छ । चुमनुब्री गाउँपालिका-१ साम्दोमा रहेको बिओपीका सशस्त्र प्रहरी, प्रहरी चौकी सामागाउँका नेपाल प्रहरी, जनप्रतिनिधि र अन्य स्थानीयवासीको संयुक्त टोलीले बुधबार रुइला नाका र त्यहाँ रहेको ३५ नम्बर सीमा स्तम्भ क्षेत्रको अवलोकन हो ।

प्रहरी निरीक्षक आकाश सूचीकारको नेतृत्वमा सामागाउँ प्रहरी चौकीका प्रहरी, वडा सदस्य पासाङ लामा, साम्दो, सामागाउँ र स्याला गाउँका स्थानीयवासीको टोलीले त्यस क्षेत्रको अनुगमन गरेको सशस्त्र प्रहरी गोरखा गुल्मका प्रमुख डिएसपी ढलप्रसाद काफ्लेले जानकारी दिए ।

उक्त टोलीले समयसमयमा त्यस क्षेत्रको निरीक्षण गरी शान्ति सुरक्षालगायत विषयमा जानकारी हासिल गर्दै आएको छ । साम्दोस्थित बिओपीले ग्याला नाका, रुइला नाका र लाजुन नाका क्षेत्रमा सुरक्षा गर्दै आएको छ । छेक्या र बाजु क्षेत्रमा लामो समयदेखि बिओपी स्थापना गर्ने भनिए पनि हालसम्म स्थापना हुन सकेको छैन ।

## ECHS Card हरायो

मिति २०८३/०२/१५ गते काठमाडौं, सोह्रखुट्टेबाट बिहान ११ बजेको समयमा मेरो निम्न व्यहोरा भएको **ECHS Card** हराएको हुँदा पाउनु हुने महानुभावले नजिकैको प्रहरी चौकी वा निम्न ठेगानामा खबर गरिदिनु हुनु अनुरोध गर्दछु ।

**नाम : रमेश प्रधान**
**ठेगाना : धादिङ, त्रिपुरासुन्दी गा.पा-४**
**कार्ड नं.:** 0004B08B42502292 (9422297N)
**सम्पर्क नं : ९८६७१०२९५९**

## मोटरसाइकल हराएको सूचना

मिति २०८३/०२/२६ गते का. जि. ता. न. पा. १० मनमैजुबाट रातो-कालो रङ्को बजाज कम्पनीको पल्सर २२० सि.सि.को मोटरसाइकल अन्दाजी बिहानको २:३० बजेको समयमा हराएको हुँदा भेट्नुहुने अथवा देख्नुहुने महानुभावहरूले नजिकैको प्रहरी कार्यालय वा तलको ठेगानामा सम्पर्क गरी दिनु हुन बिनम्र अनुरोध गर्दछु ।

**सवारी धनीको नाम : हुलास फिनसर्भ हायर पर्चेज लि.**
**निवेदकको नाम : लोक बहादुर तामाङ**
**मोटरसाइकल नं. : बा.प्र ०२-०६५ प ८५९६**
**च्यासिस नं. : MD2A13EX0TCK 82145**
**इन्जिन नं. : DKXCTK22795**
**ठेगाना : का. जि. ता. न. पा. १० मनमैजु**
**सम्पर्क नं. : ९८४३७७४३३०**

## सार्वजनिक सूचना

यस प्रभाव दैनिकको वर्ष १३ अंक ५७ असार ५ गते २०८३ मा प्रकाशित DCS MAJU SDN BHD को LT. No.343420 र AME MANUFACTURING SDN. BHD. LT. No. 343571 को कम्पनीमा मलेसिया देश जानका लागि आज मिति २०८३ असार १२ गते (26th June 2026) संस्थाको कार्यालय काठमाडौँमा अन्तर्वार्ता राखिएकोमा अर्को सूचना नआइजेलसम्मका लागि आज मिति **२०८३/०३/१२ गतेको अन्तर्वार्ता स्थगित** गरिएको सम्बन्धित निकाय तथा सर्वसाधरणका लागि यो सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

B.M. Overseas Pvt. Ltd.
Bijuli Bazar, New Baneshwor, KTM, Tel: +977-1-4790292
E-mail: info@bmoverseas.com Website : www.bmoverseas.com
श्रम इजाजत नं. ३८५/०५९/०६०

## मोटरसाइकल हराएको सूचना

मिति २०८३/०२/२१ गते ललितपुर जिल्ला, ल.म.न.पा वडा नं.५, लनगखेल विद्युत प्रविधीकरण अगाडि पार्किङ गरिराखिएको अवस्थामा कालो/निलो रङ्को बजाज कम्पनीको पल्सर २२० सि.सि.को मोटरसाइकल अन्दाजी साँझको ७:३० बजेको समयमा हराएको हुँदा भेट्नुहुने अथवा देख्नुहुने महानुभावहरूले नजिकैको प्रहरी कार्यालय वा तलको ठेगानामा सम्पर्क गरी दिनु हुन बिनम्र अनुरोध गर्दछु ।

**सवारी धनीको नाम : आशीष कुमार श्रेष्ठ**
**मोटरसाइकल नं. : बा.प्र ०२-०६० प ६२७०**
**च्यासिस नं. : MD2A13EX4SCD85568**
**इन्जिन नं. : DKXCSD31700**
**ठेगाना : दोलखा, शैलुङ गा.पा-८**
**सम्पर्क नं. : ९८४५४५४०९७**

## कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना

**तेस्रो पटक प्रकाशित मिति : २०८३/०३/१२ गते**

यस कम्पनीको मिति २०८३/०२/२८ को साधारण सभा/विशेष साधारणसभाको निर्णय बमोजिम साविक कम्पनी **टाईगर बटालियन सेक्युरिटी प्रा.लि.** को नाममा रहेको सम्पूर्ण चलअचल, सम्पत्ति तथा तिर्नु व्यहोर्नुपर्ने सम्पूर्ण कर दायित्व आदि नाम परिवर्तित कम्पनीले सकार्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रार कार्यालयको मिति २०८३/०३/०२ गतेको निर्णय अनुसार नाम परिवर्तन गरी **टाईगर नेपाल सेक्युरिटी प्रा.लि. (प्रा.लि.नं. ३७७९०५)** कायम गरिएको व्यहोरा सम्बद्ध सबैका लागि जानकारी गराइन्छ ।

**नेपाल सरकार**
**उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय**
**कम्पनी रजिष्ट्रारको कार्यालय**

## कम्पनीको हकदावी सम्बन्धी ३५ दिने सूचना

यस कार्यालयमा मिति २०७६/०१/२९ मा दर्ता भएको **एस.बि.आइ.टी. सोलुसनस् प्राइभेट लिमिटेड (प्रा. लि. नं. २१४५१७)** नामक कम्पनीले दर्ता खारेज गरिपाउँ भनि यस कार्यालयमा निवेदन पेश गरेको हुँदा उत्त कम्पनीले कसैसँग ऋण लिएको वा सो कम्पनीले कुनै तिर्नु बुझाउनु पर्ने दायित्व भए प्रमाणसहित हकदावीको लागि ३५ दिनभित्र यस कार्यालयमा दावी गर्न आउनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । तोकिएको म्यादभित्र हक दावी गर्न नआएमा उक्त कम्पनीको दर्ता नियमानुसार खारेज गरिनेछ ।

## साउदीमा रोजगार

कम्पनी : ALI MOHAMMED AL REBAH EST
पूर्व स्वीकृति मिति : २०८३/०३/११ | LT. No.344003 | चलानी नं. ६०२५७३१९

| सि. नं. | कामदारको पद | माग संख्या पुरूष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Load & Unloading Workers | 1 | 0 | 1200 | ४८,३९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौँमा मिति : २०८३ असार १९ गते (3rd Jul. 2026) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Cosmo International Overseas Pvt. Ltd.** (Overseas Employment Consultants)
Govt. License 280/058/059
Minbhawan, Kathmandu, Nepal, Tel : +977-1-4115190, 4115191 Fax : +977-1-4115189
E-mail : cosmointlpvt@gmail.com, kcshym_2008@yahoo.com Web : www. cosmointernational.com.pn

## कुवेतमा रोजगार

कम्पनी : LOS SPECIALITY RESTAURANT COMPANY | शहर : Kuwait
पूर्व स्वीकृत मिति: २०८३/०३/११ | चलानी नं.: ६०२५७३०५ | LT.No.: 343782

| सि. नं. | कामदारको पद | माग संख्या पुरूष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Barista | 10 | 0 | स. काममा दक्ष | 150 | ७३,६४५ | क.नि. | ८ घण्टा | ६ | क.नि. | छैन | छ | २ |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८३ असार १९ गते (3 July, 2026) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि: शुल्क |

वैदेशिक रोजगार विभागबाट गराइ को जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**MAHA INTERNATIONAL HR SOLUTION PVT. LTD.**
Gov. Lic No. 1746 /081/82
Airport Kalimatidol, Kathmandu | Tel: +977 01 5923308
Mob.: 9813768590, 9802390077 | Email: mahainfo59@gmail.com

## नेपाल लायन बहुउद्देश्यीय सहकारी संस्था लि. को धितो लिलाम सम्बन्धी सूचना

**प्रकाशित मितिः २०८३।०३।१२ गते**

तपसिलमा उल्लेखित ऋणीले यस संस्थाबाट लिनुभएको कर्जाको साँवा, व्याज, शुल्क तिर्ने किस्ता, भाखा, अवधी गुज्रिसकेको र यसभन्दा अघि विभिन्न मितिमा पटक पटक कर्जा चुक्ता सम्वन्धी बारम्बार लिखित तथा मौखिक तरताकेता गर्दा समेत अटेर गरी कर्जा नवुझाई संस्थासँग गरेको कर्जा सम्बन्धी शर्त बन्देजहरू उल्लघन गर्नु भएको र यस अघि विभिन्न मितिमा कर्जा भुक्तान गर्ने सम्वन्धी ३५ दिने सूचना प्रकाशित गर्दा समेत अटेर गरी हालसम्म कर्जा भुक्तान नगर्नु भएकोले अन्तिम पटक यो ७ दिने गोप्य शिलवन्दी वोलकवोल लिलाम वढावढ सम्वन्धी सूचना प्रकाशित गरिएको छ । अतः सो ७ दिन भित्रै सम्बन्धित ऋणी, जमानीकर्ता तथा सरोकारवालाले सम्पूर्ण साँवा, व्याज, अन्य दै दस्तुर रकम बुझाउनु होला । सो अवधिसम्म नबुझाएमा यो सूचना प्रकाशित भएको मितिले ८ औं दिनमा प्राप्त वोलपत्रहरूलाई खोली लिलाम बढाबढ गरी संस्थाको लिनु पर्ने रकम असुल उपर गरिने व्यहोरा अनुरोध गरिन्छ । अन्य थप जानकारी चाहिएमा संस्थामा सम्पर्क राख्नुहोला । प्राप्त बोलकबोल गरिएको बोलपत्र स्वीकृत गर्ने नगर्ने अधिकार संस्थामा निहीत रहनेछ ।

**तपसिल**

| ऋणीको नाम थर र ठेगाना | धितोको विवरण |
|---|---|
| १) **नामः गोपाल बस्नेत**<br>बाबु : बिर बहादुर बस्नेत<br>बाजे : श्रीमान बस्नेत<br>ठेगाना : भोजपुर दिङ्गला वडा नं. ६ | ऋणि गोपाल बस्नेको नाउँमा दर्ता कायम रहेको काठमाडौं जिल्ला दहचोक गा.वि.सं. वडा नं. १ मा अवस्थित कित्ता नं. ४४३ को ०-२-२-० (७९।४९ वर्ग मी.) क्षेत्रफलको जग्गा । |

**नेपाल लायन बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड**
त्रिपुरेश्वर-११, फोन नं. ४१०१००१

## धितोमा रहेको सम्पत्ति लिलाम बिक्री सम्बन्धी २१ दिने सार्वजनिक सूचना

(प्रकाशित मिति २०८३ साल असार महिना १२ गते शुक्रबार)

यस विकास बैंकको शाखा कार्यालय दुहवीबाट तपशिलमा उल्लेखित ऋणीहरुले विभिन्न कर्जा शीर्षक अन्तर्गत लिएको कर्जाको साँवा, ब्याज र अन्य दै-दस्तुर समेत तिर्ने बुझाउने सम्बन्धमा बैंकसंग गरेको शर्त कबुलियत उल्लंघन गर्नु भएको र बैंकबाट पटक पटक मौखिक तथा लिखित रुपमा तरताकेता गर्दा समेत सो कर्जाको तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज तथा हर्जाना समेत चुक्ता भुक्तान गर्न आउने तर्फ कुनै चासो नदेखाउनु भएको र नआउनु भएकोले सम्पूर्ण कर्जा चुक्ता गर्न आउनु हुन भनी बैंकबाट विभिन्न मितिमा सार्वजनिक सूचना प्रकाशित गरिएता पनि कर्जा चुक्ता भुक्तान गर्न तर्फ कुनै पहल नगरी आलटाल गरेकोले बैंकको कर्जा असुलीको लागि तपशिलमा उल्लेखित धितो (सम्पत्ति) जहाँ जे जस्तो अवस्था र परिमाणमा छ सोही अवस्था र परिमाणमा गोप्य शिलबन्दी बोलपत्र प्रक्रियाद्धारा लिलाम बिक्री गरी बैंकको लेना रकम असुल उपर गर्नुपर्ने भएकोले धितो लिलाम बिक्री सम्बन्धी यो २१ (एक्काइस) दिने सूचना प्रकाशित गरिएको छ । उक्त मिति भित्र नतिरे नबुझाएमा प्रचलित कानुन अनुसार सूचना प्रकाशित भएको मितिले २२ औं दिन यस बैंकलाई लेखिदिएको धितो सुरक्षणमा रहेको तपशिलमा उल्लेखित सम्पत्ति जहाँ जे जस्तो अवस्था र परिमाणमा छ सोही अवस्थामा गोप्य शिलबन्दी बोलपत्र मार्फत लिलाम बिक्री गरिने हुँदा इच्छुक महानुभावहरुले देहाय बमोजिमको शर्त तथा बन्देजहरुको अधिनमा रहने गरी यो सूचना प्रकाशित भएको मितिले २१ औ दिनको कार्यालय समय भित्र यस बैंकको शाखा कार्यालयमा गोप्य शिलबन्दी बोलपत्र पेश गर्नुहुन सूचित गरिन्छ ।

**तपशिल**

**क) कर्जा शीर्षक : मोटगेज कर्जा र व्यक्तिगत आवधिक कर्जा**

**ऋणीको विवरण**

खुशी लाल थापा मगरको नाति लेबन मगरको छोरा मोरङ जिल्ला टंकीसिनबारी वडा नं. २ हाल, बुढीगंगा गा.पा. वडा नं. २ बस्ने **सबिन थापा मगर** (ना.प्र.नं. : ७७१३८ जारी मिति र जिल्ला : २०६०/०५/२३, मोरङ)

**व्यक्तिगत धनजमानीकर्ताहरुको विवरण**

लेबन मगरको बुहारी सबिन थापा मगरको पत्नी मोरङ जिल्ला विराटनगर वडा नं. १६ हाल, बुढीगंगा गा.पा. वडा नं. २ बस्ने **प्रिया श्रेष्ठ** (ना.प्र.नं. : ०५१०६६/१११७ जारी मिति र जिल्ला : २०६७/०१/०५, मोरङ)

**ख) कर्जा शीर्षक : साधारण कर्जा**

**ऋणीको विवरण**

लेबन मगरको बुहारी सबिन थापा मगरको पत्नी मोरङ जिल्ला विराटनगर वडा नं. १६ हाल, बुढीगंगा गा.पा. वडा नं. २ बस्ने **प्रिया श्रेष्ठ** (ना.प्र.नं. : ०५१०६६/१११७ जारी मिति र जिल्ला : २०६७/०१/०५, मोरङ)

**व्यक्तिगत धनजमानीकर्ताहरुको विवरण**

१) खुशी लाल थापा मगरको नाति लेबन मगरको छोरा मोरङ जिल्ला टंकीसिनबारी वडा नं. २ हाल, बुढीगंगा गा.पा. वडा नं. २ बस्ने **सबिन थापा मगर** (ना.प्र.नं. : ७७१३८ जारी मिति र जिल्ला : २०६०/०५/२३, मोरङ)

२) जगत बहादुर पौडेलको नाति हिम्मत बहादुर पौडेलको छोरा मोरङ जिल्ला टंकीसिनबारी वडा नं. १ हाल, बुढीगंगा गा.पा. वडा नं. २ बस्ने **दिपेश कुमार पौडेल** (ना.प्र.नं. : ६४३१६ जारी मिति र जिल्ला : २०५८/१०/२१, मोरङ)

३) सिता लाल माझीको नाति धिराज नारायण माझीको छोरा मोरङ जिल्ला टंकीसिनबारी वडा नं. ८ हाल, बुढीगंगा गा.पा. वडा नं. २ बस्ने **सागर माझी** (ना.प्र.नं. : ०५-०१-७०-१६१७६ जारी मिति र जिल्ला : २०७०/०४/०२, मोरङ)

**यसअघि प्रकाशित गरिएको सार्वजानिक सूचनाको विवरण :**
१) मिति २०८२ साल चैत महिना ९ गतेको उद्घोष राष्ट्रिय दैनिक पत्रिकामा कर्जा चुक्ता भुक्तानी गर्ने सम्बन्धि ३५ दिने

**धितो सुरक्षण सम्बन्धी विवरण :** निम्न उल्लेखित घरजग्गा/जग्गा र सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।

| धनीको नाम | धितो ठेगाना | सिट नं. | कित्ता नं. | क्षेत्रफल |
|---|---|---|---|---|
| प्रिया श्रेष्ठ | मोरङ जिल्ला टंकीसिनबारी वडा नं. २ | २ख | ९९८ | १६९.३० |
| | | | ९९७ | १६९.३० |

**शर्त बन्देजहरु :**

१) शिलबन्दी बोलपत्र यो सूचना प्रकाशित भएको मितिले २१ दिन अर्थात मिति २०८३ साल असार महिना ३२ गते विहीबार भित्र यस बैंकको शाखा कार्यालय दुहवी आईपुग्ने गरि पेश गर्नुपर्ने छ ।
२) बोलपत्र फारममा आफुले बोलकबोल गरेको रकम अंक र अक्षरमा स्पष्ट उल्लेख गर्नुपर्ने छ ।
३) माथि उल्लेखित सम्पूर्ण धितो सुरक्षणहरु जे जस्तो अवस्था र परिमाणमा छ सोही अवस्था र परिमाणका लागि बेग्ला बेग्लै वा एकमुष्ठ बोलपत्र पेश गर्न सकिनेछ ।
४) बोलपत्र साथ आफुले बोलकबोल गरेको रकमको कम्तिमा १० प्रतिशत हुन आउने रकम धरौटी स्वरुप संस्थाको मुख्य कार्यालयमा रहेको Earnest money payable खाता नं. ०१३-९२७७४१०१००५ मा बोलपत्र पेश गर्ने अन्तिम मितिसम्म जम्मा गरी सो को सक्कल भौचर अथवा सो बराबरको बमेलपत्र पेश गर्ने अन्तिम मिति भित्र खिचिएको यस बैंकको नाममा Good For Payment Cheque संलग्न गर्नु पर्नेछ ।
५) प्राप्त बोलपत्रहरु मिति २०८३ साल साउन महिना १ गते शुक्रबार दिउसो ३:०० बजे यस बैंकको शाखा कार्यालय दुहवीमा उपस्थित प्रतिनिधि, बोलपत्रकर्ता वा निजको प्रतिनिधिको रोहवरमा खोलिनेछ । बोलपत्र खोल्ने समयमा बोलाईएका सबै प्रतिनिधि, बोलपत्रकर्ता वा निजको प्रतिनिधि उपस्थित नरहे पनि सो कारणले बोलपत्र खोल्न कुनै बाधा पर्ने छैन ।
६) बोलपत्र खोलिने दिनमा सार्वजनिक विदा परेमा त्यसको लगतै कार्यालय खुलेको दिनमा सोही स्थान र समयमा लिलाम कार्य हुनेछ ।
७) बोलपत्र स्वीकृत भएमा धितो सुरक्षण सम्पत्ति बोलपत्रदाताको नाममा नामसारी दाखेल खारेज गर्दा लाग्ने रजिष्ट्रेशन दस्तुर, लाभ कर, कर तथा अन्य शुल्क ईत्यादि बोलपत्रदाताले नै व्यहोर्नु पर्नेछ ।
८) बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्बन्धी सम्पूर्ण अधिकार बैंकमा सुरक्षित रहने छ ।
९) धरौटी रकम तथा अन्य शर्तहरु बोलपत्र फाराममा उल्लेख गरिए बमोजिम हुने व्यहोरा समेत सूचित गरिन्छ ।

"नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजतपत्र प्राप्त राष्ट्रिय स्तरको विकास बैंक"

**मुक्तिनाथ विकास बैंक लि.**
**MUKTINATH BIKAS BANK LTD.**
Winner of EUROPEAN MICROFINANCE AWARD 2020
**Central Office:** Lazimpat, Kathmandu, Tel.: 01-5970887, Toll Free No. (NTC): 16600149999,
Toll Free No. (Ncell): 18102149999, E-mail: info@muktinathbank.com.np, Web: www.muktinathbank.com.np
जनता बैंकमा होइन, बैंक जनतामा जानु पर्दछ

## लिलाम बिक्री सम्बन्धी ७ दिने सार्वजनिक सूचना

**प्रकाशित मिति : २०८३/०३/१२ गते**

यस बैंकका तपसिलमा उल्लेखित ऋणीहरुले उपभोग गर्दै आउनु भएको ऋण कर्जाको बैंकलाई तिर्नु बुझाउनु पर्ने साँवा, व्याज तथा अन्य दस्तुरहरु समेत चुक्ता भुक्तान गर्न पटक पटक मौखिक एवं लिखित जानकारी गराई तर ताकेता गर्दा समेत ऋणकर्जा चुक्ता भुक्तान नभएकोले ऋणकर्जा चुक्ता भुक्तान गर्न **मिति २०७९/०५/२१, २०८१/०२/०३ र २०८२/०९/०२ गतेको हिमालयन टाईम्स, कारोबार राष्ट्रिय दैनिक र आर्थिक अभियान दैनिक पत्रिकामा ३५ दिने सार्वजनिक सूचना प्रकाशित तथा मिति २०८०/०४/०९, २०८१/०४/०७ र २०८२/१०/१९ गतेको नयाँ पत्रिका दैनिक, कारोबार दैनिक र आर्थिक अभियान राष्ट्रिय दैनिक पत्रिकामा १५ दिने र मिति २०८०/०६/१०, २०८१/०८/२१ र २०८२/१२/१५ गतेको कारोबार दैनिक, आर्थिक दैनिक र आर्थिक अभियान राष्ट्रिय दैनिक पत्रिकामा ७ दिने दिने धितो लिलाम बिक्री सम्वन्धी सार्वजनिक सूचना** प्रकाशित गरी ऋणी तथा सुरक्षणधनी समेतलाई सूचित गर्द समेत ऋण कर्जाको साँवा, ब्याज तथा अन्य दस्तुर चुक्ता भुक्तानी गर्ने तर्फ कुनै चासो नदेखाएकोले धितो सुरक्षण वापत लेखि दिएको अचल सम्पत्ति (घरजग्गा आदी) जहाँ जे जस्तो अवस्थामा छ सोही अवस्थामा शिलवन्दी बोलपत्रद्वारा बिक्री गरिने हुँदा यो सूचना प्रकाशित भएको मितिले ७ दिन भित्र आफूले खरिद गरी लिन चाहेको मूल्य सहित शिलबन्दी बोलपत्र पेश गर्नुहुन इच्छुक महानुभावहरुको जानकारीको लागि यो शिलबन्दी बोलपत्र आव्हानको सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

**तपसिल**

### वाशगढी शाखा :

१) **ऋणीको नाम, थर, ठेगाना र तिनपुस्ते विवरण : मुस्कान कस्मेटिक्स (प्रो. मुन्ना खाँ)**
**प्रा.फ.र.नं. ११६/२७१४/०७१/०७२, फर्म दर्ता मिति : २०७१/०५/२१ (घरेलु तथा साना उद्योग कार्यालय, बर्दिया)**
पान नं. ६०२६५६४५२
ठेगाना : बर्दिया जिल्ला, बाँसगढी न.पा. वडा नं.-५, बाँसगढी, बर्दिया

**व्यक्तिगत जमानीकर्ताको नाम, थर र ठेगाना र तिनपुस्ते विवरण :**
क) मुन्ना खाँ, बाबु : अल्लन खाँ, बाजे : कल्लन खाँ
ठेगाना : सोरहवा गा.वि.स.-३, बर्दिया, हाल : बाँसगढी न.पा.-५, बर्दिया
ख) सफिका खातुन, बाबु : हुसेन अहमद, बाजे : नुर महमद
ठेगाना : सोरहवा गा.वि.स.-२, बर्दिया, हाल : बाँसगढी न.पा.-५, बर्दिया
ग) सलमान अहमत, बाबु : हुसेन अहमत, बाजे : नुर महमद
ठेगाना : सोरहवा गा.वि.स.-२, बर्दिया, हाल : बाँसगढी न.पा.-५, बर्दिया

कर्जा शिर्षक : व्यापार कर्जा टर्म

**धितो सुरक्षणको विवरण :** श्री नुर महमदको नातिनी, हुसेन अहमदको छोरी, मुन्ना खाँको पत्नि, बर्दिया जिल्ला बाँसगढी न.पा. ५, बाँसगढी बस्ने, सफिका खातुनको नाममा मालपोत कार्यालय गुलरीया, बर्दियामा दर्ता रहेको बर्दिया जिल्ला, मोतिपुर गा.वि.स. वडा नं. ७ स्थित कि.नं. ५७९ को क्षेत्रफल ०-३-१९-० (वि.क.ध) भएको जग्गा तथा सोको लिगलगापात समेत ।

### ईटहरी शाखा :

१) **ऋणीको नाम, थर, ठेगाना र तिनपुस्ते विवरण : श्री सुनिता मिश्रा**
बाबु : कन्दर्पानन्द मिश्रा, पति : श्री रमेश अधिकारी
ठेगाना : सप्तरी जिल्ला, तिलाठी गा.वि.स. वडा नं. ७

**व्यक्तिगत जमानीकर्ताको नाम, थर र ठेगाना र तिनपुस्ते विवरण :**
क) युवराज बस्नेत, बाजे : नर बहादुर बस्नेत, बुबा : रत्न बहादुर बस्नेत
ख) सुनिता मिश्रा, बाबु : कन्दर्पानन्द मिश्रा, पति : रमेश अधिकारी
ठेगाना : मोरङ्ग जिल्ला डागिहाट गा.वि.स. वडा नं. ८

२) **ऋणीको नाम, थर, ठेगाना र तिनपुस्ते विवरण : न्यु जेनेरेसन कस्मेटिक सेन्टर (प्रो. श्री सुनिता मिश्रा)**
**प्रा.लि. दर्ता नं. : ९९२०/०७८/०७९ दर्ता मिति : (२०७८/०४/०७) (घरेलु तथा साना उद्योग कार्यालय, सुनसरी)**
पान नं. ६१४१२६०००
ठेगाना : सुनसरी जिल्ला, ईटहरी उपमहानगरपालीका वडा नं. ९

**व्यक्तिगत जमानीकर्ताको नाम, थर र ठेगाना र तिनपुस्ते विवरण :**
क) सम्जना श्रेष्ठ(खत्री), बाबु : बलराम श्रेष्ठ, पति : खिल बहादुर खत्री
ख) तारा मिश्रा, बाबु : इन्द्र प्रसाद मैनाली, पति : कन्दपनिन्द मिश्रा
ग) युवराज बस्नेत, बाजे : नर बहादुर बस्नेत, बुबा : रत्न बहादुर बस्नेत
ठेगाना : मोरङ्ग जिल्ला डागिहाट गा.वि.स. वडा नं. ८

कर्जा शिर्षक : घर कर्जा (टर्म)/बिनाधितो/अनुदान कर्जा

**धितो सुरक्षणको विवरण :** श्री कन्दर्पानन्द मिश्राको छोरी, श्री रमेश अधिकारीको पत्नी, सप्तरी जिल्ला, तिलाठी गा.वि.स. वडा नं. ७ बस्ने श्री सुनिता मिश्राको नाममा मालपोत कार्यालय बेलबारी मोरङ्गमा दर्ता रहेको मोरङ्ग जिल्ला, डांगीहाट गा.वि.स. वडा नं. ८क, स्थित कित्ता नं. ६७३, को क्षे.फ ०-१-०-० (बि-क-धु-क) को जग्गा तथा सोमा रहेको सम्पुर्ण लिगलगापात समेत ।

### टोखा शाखा :

(१) **ऋणीको नाम, थर, ठेगाना र तिनपुस्ते विवरण : सुमित्रा मल्ल**
बाबु : पूर्ण बहादुर मल्ल, बाजे : दल बहादुर मल्ल
ठेगाना : राजापुर ४, वर्दिया

**व्यक्तिगत जमानीकर्ताको नाम, थर र ठेगाना र तिनपुस्ते विवरण :**
क) भुपेन्द्र शाह, बाबु : भद्रजंग शाह, बाजे : विरजंग शाह
ठेगाना : खलंगा १, रुकुम
ख) अंशु शाह, बाबु : भुपेन्द्र शाह, बाजे : भद्रजंग शाह
ठेगाना : मुसिकोट १, रुकुम पश्चिम
ग) सौरभ शाह, बाबु : भुपेन्द्र शाह, बाजे : भद्रजंग शाह
ठेगाना : खलंगा १, रुकुम

कर्जा शिर्षक : घर कर्जा

**धितो सुरक्षणको विवरण :** श्री भद्रजंग शाहको बुहारी, श्री भुपेन्द्र शाहको पत्नी, वर्दिया जिल्ला, राजापुर नगरपालिका वडा नं. ४ स्थायी घर भई हाल काठमाडौ जिल्ला तारकेश्वर न.पा. वडा नं. ३ बस्ने श्रीमती सुमित्रा मल्लको नाममा मालपोत कार्यालय मनमैजु, काठमाण्डौमा दर्ता श्रेस्ता कायम रहेको काठमाण्डौ जिल्ला, जितपुर गा.वि.स. वडा नं. ६ घ स्थित कित्ता नं. ३९३ को क्षेत्रफल क्रमशः २२२.५३ वर्ग मि. मा बनेको घर तथा जग्गामा रहेको सम्पुर्ण लिगलगापात समेत ।

**शिलबन्दी बोलपत्र पेश गर्ने अन्तिम मिति : २०८३/०३/१८ ( बिहिवार कार्यालय समय भित्र )**
**खोलिने मिति : २०८३/०३/१९ ( शुक्रवार दिनको २ बजे )**
**स्थान : महालक्ष्मी विकास बैंक लि.को सम्बन्धित शाखा कार्यालय**

**शिलबन्दी बोलपत्र पेश गर्दा निम्न बमोजिमको शर्तहरु पालना गर्नु पर्नेछ :-**

(क) शिलबन्दी बोलपत्र पेश गर्नेले आफूले कवोल गरेको रकमको कम्तिमा १० प्रतिशतले हुन आउने रकम नगदै, गुडफर पेमेण्टको चेक वा नेपाल राष्ट्र बैंकबाट स्वीकृत प्राप्त बैंक तथा वित्तीय संस्थाको कम्तिमा ९० दिनको बैंक ग्यारेण्टी धरौटी वापत बैंक दाखिला गर्नु पर्नेछ ।
(ख) शिलबन्दी बोलपत्रकर्ताको शिलबन्दी बोलपत्र स्वीकृत भएमा बैंकले पत्र पठाएको मितिले ७ दिन भित्र बाँकी रकम जम्मा गर्नु पर्नेछ । बाँकी रकम जम्मा भए पश्चात बैंकले धितो रहेको अचल सम्पत्ति दा.खा. नामसारीको लागि सम्बन्धित कार्यालयलाई पत्राचार गरि दिनेछ ।
(ग) तोकिएको भाखा म्याद भित्र बाँकी रकम जम्मा नगरेमा धरौटी वापत बैंक दाखिला गरेको रकम बैंकले जफत गर्नेछ ।
(घ) कुनै शर्तहरु राखि शिलबन्दी बोलपत्र पेश गर्न पाईने छैन ।
(ङ) प्राप्त शिलबन्दी बोलपत्रहरु स्वीकृत गर्ने नगर्ने सम्वन्धी सम्पूर्ण अधिकार बैंकमा सुरक्षित रहनेछ ।
(च) शिलबन्दी बोलपत्रकर्ताले अचल सम्पत्ति रहेकै स्थानमा हेर्न र निरिक्षण गर्न सक्नु हुनेछ ।
(छ) शिलबन्दी बोलपत्र कर्ताले शिलवन्दी बोलपत्र पेश गर्दा पुरै कित्ता जग्गाको शिलबन्दी पेश गर्नु पर्नेछ । एउटै ऋणीको एक भन्दा बढी कित्ता जग्गाहरुको शिलबन्दी बोलपत्र आव्हान गरेको अवस्थामा एउटा वा सबै कित्ता जग्गाको हकमा शिलबन्दी बोलपत्र पेश हुन आएमा सो को निर्णय गर्ने अधिकार बैंकमा सुरक्षित रहनेछ ।
(ज) शिलबन्दी बोलपत्रकर्ताको कवोल स्वीकृत भएमा अचल सम्पत्ति (घरजग्गा आदी) दा.खा. नामसारी गर्दा लाग्ने सम्पूर्ण शुल्क, कर, अन्य दै–दस्तुर आदी समेत कवोलकर्ताले नै व्यहोर्नु पर्नेछ । घरबाटो सिफारिसको लागि सम्वन्धीत कार्यालयलाई बैंकबाट पत्राचार गरि दिनेछ ।
(झ) शिलबन्दी बोलपत्र पेश गर्ने अन्तिम दिन वा खोलिने दिन सार्वजनिक बिदा परेमा सो को भोलिपल्ट वा कार्यालय खुलेको दिन शिलबन्दी बोलपत्रहरु दाखिला गर्ने र खोलिने मिति कायम हुनेछ ।
(ञ) संस्थाको हकमा निम्न कागजातहरु पेश गरेको हुनु पर्नेछः-
(१) फर्म वा कम्पनी दर्ताको प्रमाण पत्र ।
(२) व्यवसाय दर्ताको इजाजतपत्र (नविकरण सहित) ।
(३) मूल्य अभिवृद्धि कर र स्थायी लेखादर्ता नम्बर (प्यान) प्रमाण पत्रको प्रतिलिपि ।
(४) कर चुक्ता गरेको प्रमाणपत्र ।
(५) लिलाममा भाग लिने बारेको आधिकारिक निर्णय र पत्र ।
(६) शिलबन्दी बोलपत्र फारम बैंकको शाखा कार्यालयमा रु. ५००/– शुल्क बुझाई प्राप्त गर्न सकिनेछ ।

**महालक्ष्मी विकास बैंक लि.**
**Mahalaxmi Bikas Bank Ltd.**
(नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको राष्ट्रियस्तरको इजाजत प्राप्त संस्था)
**केन्द्रीय कार्यालय** दरबारमार्ग, काठमाण्डौं, फोन नं. ०१-५३६८१५३, ५३६८७१९
**कर्जा असूली विभाग** दरबारमार्ग, काठमाण्डौं, फोन नं. ०१-५९१९२१९/५९११५१९/२०
सबल बैंक, सफल सहकार्य
www.mahalaxmibank.com

प्रभाव दैनिक
National Daily

सम्पादकीय

## प्रत्यक्ष कार्यकारीमा निरंकुशताको खतरा

**लोकतन्त्रको सार बलियो सरकार हुनुमात्रै होइन । बलियो नियन्त्रण प्रणाली पनि हो । लोकतन्त्रमा कुनैव्यक्ति, संस्था वा पद संविधानभन्दा माथि हुन सक्दैन । संसदीय व्यवस्थाको मूल शक्ति नै यही हो कि प्रधानमन्त्री संसद्प्रति उत्तरदायी होऊन् । संसद्ले प्रश्न गर्न सक्छ, जवाफ माग्न सक्छ र आवश्यक परे सरकारलाई हटाउन पनि । यही व्यवस्थाले शक्ति केन्द्रित हुनबाट रोक्छ ।**

**तर, प्रत्यक्ष निर्वाचित कार्यकारी प्रणालीमा भने शासकले आफूलाई जनताको प्रत्यक्ष प्रतिनिधि भएको दाबी गर्दै अन्य संस्थालाई कमजोर बनाउने जोखिम रहन्छ । चुनाव जितेर आएको व्यक्ति आफूलाई संसद्, दल, संवैधानिक निकाय वा अदालतभन्दा माथि ठान्न थाले लोकतान्त्रिक सन्तुलन भत्किन सक्छ । विश्वका विभिन्न देशमा प्रत्यक्ष निर्वाचित नेतृत्वले क्रमशः शक्ति आफ्नो हातमा केन्द्रित गर्दै लोकतान्त्रिक संस्थाहरूलाई कमजोर बनाएका उदाहरण छन् ।**

**नेपालको सन्दर्भ झन् संवेदनशील छ । यहाँ लोकतान्त्रिक संस्कार अझै पूर्ण रूपमा संस्थागत भइसकेको छैन । राजनीतिक दलहरू आन्तरिक लोकतन्त्रको संकटमा छन्, संवैधानिक निकायहरू विवादमुक्त छैनन् र राज्यका संस्थाहरू अझै परिपक्व हुने प्रक्रियामै छन् । यस्तो अवस्थामा झन् शक्तिशाली कार्यकारी पद सिर्जना गर्नु नयाँ समस्या निम्त्याउने कदम हुन सक्छ ।**

**हालैका वर्षहरूमा जनताबाट लोकप्रियता प्राप्त नेताहरूले संस्थागत प्रक्रियाभन्दा व्यक्तिगत निर्णयलाई प्राथमिकता दिएको देखिएको छ । संसद्, राजनीतिक दल वा कानुनी प्रक्रियालाई बेवास्ता गर्दै आफूलाई जनमतको एकमात्र प्रतिनिधि ठान्ने प्रवृत्ति बढ्दो छ । यदि यस्तै मानसिकता बोकेको व्यक्ति प्रत्यक्ष निर्वाचनबाट अझ शक्तिशाली बनेर सत्तामा पुग्यो भने त्यसले लोकतान्त्रिक संस्थामाथि दबाब सिर्जना गर्ने खतरा रहन्छ । स्थिरताको नाममा निरंकुशताको ढोका खोल्नु लोकतन्त्रको हितमा हुन सक्दैन ।**

**रास्वपाले उठाएको अस्थिरताको प्रश्न भने अस्वाभाविक होइन । विगतमा सरकार गठन र विघटनको खेलले शासन प्रणालीलाई कमजोर बनाएको यथार्थ हो । तर, समस्याको समाधान लोकतान्त्रिक नियन्त्रण प्रणाली हटाएर होइन, त्यसलाई अझ प्रभावकारी बनाएर खोजिनुपर्छ । राजनीतिक दलहरूलाई जिम्मेवार बनाउने, संसदीय अभ्यासलाई परिपक्व बनाउने र संविधान कार्यान्वयनलाई प्रभावकारी बनाउने दिशामा सुधार आवश्यक छ ।**

**लोकतन्त्रमा सबैभन्दा ठूलो सुरक्षा कवच भनेकै पारस्परिक नियन्त्रण हो । स्थिर सरकार महत्वपूर्ण हुन्छ तर त्यो लोकतान्त्रिक मूल्य, जवाफदेहिता र संस्थागत सन्तुलनको मूल्य चुकाएर प्राप्त गरिनु हुँदैन । नेपालले कठिन संघर्षपछि स्थापित गरेको लोकतान्त्रिक व्यवस्थालाई कुनै एक व्यक्तिको हातमा अत्यधिक शक्ति केन्द्रित गर्ने प्रयोगशाला बनाइनु हुँदैन । लोकतन्त्रलाई बलियो बनाउने बाटो शक्ति केन्द्रीकरण होइन, संस्थाहरूको सुदृढीकरण हो ।**

# पूर्वीय दर्शनलाई अनुसन्धानको मूल आधार बनाऔं



❑ डा. तेजबहादुर कार्की

"हाम्रो पूर्वीय दर्शनले जीवनका हरेक आयाम र अवस्थाको व्याख्या गरेकोमात्र छैन, समस्याको समाधानका आधार पनि तयार पारेको छ । तर अब यसको गहन अध्ययन गरेर शिक्षा र अनुसन्धानमा समावेश गरी उच्च तहमा हुने अनुसन्धानमा सैद्धान्तिक आधार/मार्गचित्र बनाउन जरुरी छ । यसका लागि प्राज्ञिक व्यक्ति तथा अनुसन्धानकर्ताहरूको जोडबल आवश्यक छ । पूर्वीय दर्शनलाई अनुसन्धानको मूल आधार बनाउनु भनेको प्राचीन ज्ञानलाई आधुनिक वैज्ञानिक पद्धतिसँगै समायोजन गर्नु पनि हो ।

आजको वैज्ञानिक युगमा अनुसन्धान भन्नासाथ हामी प्रायः पाश्चात्य सिद्धान्तमा आधारित एक प्रयोगशाला, तथ्यांक र मापनयोग्य परिणामलाई नै केन्द्रमा राख्ने गर्छौं । जब हामी कुनै अनुसन्धानको सुरूआत गर्छौं तब त्यो अनुसन्धानको सैद्धान्तिक आधारका लागि हाम्रो अवधारणासँग मिल्दोजुल्दो पाश्चात्य सिद्धान्त के छ, खोज्न थाल्छौं । त्यसैलाई आधार मानेर अनुसन्धान गर्छौं र निष्कर्ष निकाल्छौं ।

तर, अनुसन्धानको सुरूकै चरणमा हामीले हाम्रो पूर्वीय दर्शन कति सम्पन्न छ भनेर खोज्ने प्रयास भने गर्दैनौं । हामीले हाम्रो पूर्वीय दर्शनको गहन इतिहास, आध्यात्मिकता र चिन्तनले अनुसन्धानलाई नयाँ आयाम दिनसक्छ भन्ने विषयसम्मै पुग्दैनौं । पूर्वीय दर्शनलाई अनुसन्धानको मूल आधार बनाउनसक्ने प्रशस्त सैद्धान्तिक आधार हामीसँगै छन् । यदि पूर्वीय दर्शनको गहनतामाथि यथेष्ट चिन्तन अघि बढायौं र सैद्धान्तिक आवश्यकतामा यसको प्रयोग गर्यौं भने यसबाट हाम्रो शैक्षिक गतिविधिमा नयाँ आयाम त थपिने छ । त्यसपछि विश्वसामु हाम्रो पूर्वीय दर्शनले दिने ज्ञानलाई नै एक प्रमाणित र प्रामाणिक सिद्धान्तका रूपमा स्थापना गर्न सक्नेछौं ।

पूर्वीय दर्शनको ज्ञानलाई अनुसन्धानसँग जोड्न सकेमा अनुसन्धानकर्ताको शैक्षिक जीवनमा ठूलो परिवर्तन ल्याई गुणात्मकता पनि थप्ने छ । साथै, हाम्रै सभ्यता र मौलिकताको पूर्वीय दर्शनलाई प्रयोगमात्र गर्यौं भने पनि हाम्रो शिक्षा पद्दतिमा गुणात्मक परिवर्तन ल्याउन सकिने छ । यसबाट विद्यार्थीको ज्ञानको दायरा अहिलेको भन्दा कयौं गुणा फराकिलो बनाउन सघाउ पुग्ने छ । यसबाट अध्ययन अनुसन्धानकर्ताको शारीरिक र मानसिक स्वास्थ्यमा सकारात्मक परिवर्तन र अध्यात्मिक चेतना वृद्धि हुने त छँदै छ । यस्ता शैक्षिक जनशक्तिमा आउने यसप्रकारका परिवर्तनको अनन्त लाभ व्यक्तिमामात्र सीमित नरहेर समाज र राष्ट्रसम्म नै पुग्ने छ । एकातर्फ हाम्रा दर्शन र सिद्धान्तहरू विश्वका अनुसन्धानदातासमक्ष छाउने छन् भने अर्कातर्फ हाम्रा शैक्षिक जनशक्ति पनि सकारात्मक सोचले पूर्ण र अध्यात्मिक चेतले भरिपूर्ण भएर आउने छन् ।

पूर्वीय दर्शन विशेषगरी वैदिक, बौद्ध, जैन र योग दर्शन, हजारौं वर्ष पुराना रहेको तथ्य त सबैमा विदितै छ । तर अहिलेसम्म यी ज्ञानका महासागरहरूलाई हामीले भने केवल धार्मिक मान्यताको परिधिभित्रमात्र सीमित पारिरहेका छौं । यी अद्वितीय दर्शनहरूले मानवीय चेतना, ज्ञानको स्वरूप, नैतिकता र सदाचार, ब्रह्माण्डीय सत्यको खोजी आदिलाई केन्द्रबिन्दु बनाएका छन् । यति सम्पन्न यी दर्शनलाई हामीले धर्म र पौराणिकतामा मात्र राखेर बुझ्न र अध्ययन गर्न खोज्दा हामी नै पछि परिरहेको अनुभूति हुनु स्वाभाविकै हो । उपनिषद्, पतञ्जलिको योगसूत्र, गीता, बुद्धका वचन, महावीर र अन्य धेरै ऋषिमुनि, सन्तहरूका अलौकिक उपदेश पूर्वीय ज्ञानका आधारस्तम्भ नै हुन् ।

यी दर्शनले व्यक्तिभित्रको आत्मज्ञान र बाहृय प्रकृतिबीचको सन्तुलनलाई बडो आकर्षक रूपमा जोड दिएका छन् । जुन कुरा एक अनुसन्धानको मूल मर्मसँग पनि मेल खान्छ । एक अनुसन्धानकर्ताले पनि '३ पी' अर्थात् (पर्सन, प्लेस र प्रोबलम) को सूत्रः कुनै एक निश्चित भूगोलमा बस्ने व्यक्ति/समुदायले भोगेको वा अनुभव गरेको समस्यालाई आधार मानेर नै अनुसन्धान सुरू गर्ने हो ।

पूर्वीय दर्शनले दिने मुख्य ज्ञान भनेको आफूभित्रको सत्य बुझेरमात्र बाहृय सत्यको अनुभव सम्भव छ भन्ने नै हो । यसले आफैंमा अरुलाई खोज्नु अर्थात् आफूभित्रको सत्य नै अरुमा खोज्नु र तथ्य पत्ता लगाउनु हो भन्दछ । सारमा यसले बुझाउन खोजेको विषय भनेको सबै वस्तु आपसमा जोडिएका छन् (अन्तरसम्बन्धत्व), ज्ञानको अन्तिम लक्ष्य आनन्द र शान्ति हो, दुःखको मूल कारण आशक्ति र अज्ञानता हो, ध्यान, योग र आत्मचिन्तनबाट मात्र वास्तविक ज्ञान पैदा हुन्छ भन्ने हो । यही ज्ञानले नै कुनै एक अनुसन्धानकर्ताले कस्तो विषयमा अनुसन्धान गर्नुपर्छ र कसरी गर्नुपर्छ भन्ने वास्तविकतालाई निर्देशित गर्छ । यसमा अनुसन्धानका विधि त विषयवस्तुको गहिराइअनुसारका हुने नै भए ।

पूर्वीय दर्शन केवल धार्मिक, पौराणिक आस्थामात्र होइन, न त सुन्ने परम्परा अर्थात् श्रुत ज्ञानहरूको संग्रहमात्र हो । यो त मानवीय पूर्ण चेतनाको परिस्कृत स्वरूप एवं जीवन रूपान्तरणको गहन र विशिष्ठ विज्ञान हो । यसले बाहृय संसारलाई भन्दा बढी आत्मअन्वेषण, विवेक र अनुभूतिलाई महत्त्व दिन्छ र जीवन र जगत्का जटिल समस्याहरूको पनि मूल कारण खोजेर समाधानका लागि आवश्यक दृष्टि प्रदान गर्दछ । हाम्रा छरिएर रहेका वैदिक, बौद्ध, जैन तथा अन्य दर्शन तथा दार्शनिक परम्पराका ज्ञानहरूलाई एकीकृत सिद्धान्तका रूपमा विकास गर्न सकिने अनेकन आधार र तथ्यहरू हामीसँगै छन् । यसो गर्न सकियो भने त्यसले केवल बौद्धिक सम्पदा समृद्ध बनाउनेमात्र होइन, आधुनिक चुनौतीहरूको समाधानका लागि पनि मौलिक तथा वैचारिक आधारहरू निर्माण गर्न सक्दछ । मलाई लाग्दछ, पूर्वीय दर्शनले हामीलाई अनुकरणमामात्र होइन, आफ्नै चिन्तन, विश्लेषण र आत्मबोधमा आधारित दार्शनिक आत्मनिर्भरतातर्फ उन्मुख गराउँछ ।

हालको प्रतिस्पर्धात्मक शिक्षा प्रणाली, आधुनिकीकरण र कृत्रिम बुद्धिमताले विद्यार्थीमा मानसिक दबाब बढाएको पक्कै छ । यो दबाबले उनीहरूलाई तनावसमेत दिन थालेको छ । यसकारण उनीहरू एकाग्र र धैर्य बन्न पनि सकिरहेका छैनन् । त्यसकारण आफ्ना जीवनमा सफलता र समृद्धिको खोजीका लागि उनीहरू दशतिर कुद्नुपर्ने अवस्था सिर्जना भएको छ । यो दौडधूपले उनीहरूलाई केही हदसम्म भौतिक सुख त दिएको छ, तर मानसिकरूपमा भने दुःखी बनाइदिएको छ ।

यस्तो अवस्थामा पूर्वीय ज्ञानको प्राप्तिले उनीहरूको व्यावहारिक पक्ष बलियो बनाउने छ । यसका लागि योग, प्रणायाम र आसनको वैज्ञानिक अध्ययन उचित हुन सक्छ । कुनै पनि व्यक्ति तथा अनुसन्धानकर्ताको बसाइको मुद्रा, सासको सजगता र नियमित योगले शरीरको रोग प्रतिरोधात्मक क्षमतामा वृद्धि गर्न सक्छ । हृदय स्वास्थ्य र ऊर्जाको स्तर सुधार गर्छ । पूर्वीय दर्शनले विशेषगरी ध्यान (मेडिटेसन) र सजगता (माइण्डफुलनेस)बाट तनाव, चिन्ता र अवसाद (डिप्रेसन) घटाउन मद्दत गर्छ । अनुसन्धानकर्ताका लागि धेरै घण्टासम्म एकाग्र भएर काम गर्दा मानसिक थकान हुन्छ । यस्तो अवस्थामा बुद्धको शिक्षा 'सम्यक स्मृति (माइण्डफुलनेस)' ले यस्तो थकान घटाएर भावनात्मक सन्तुलन कायम राख्न सक्छ । अध्ययन अनुसन्धानकर्ताहरूका लागि यी पद्दतिहरू अहिले अचुक औषधि पनि बनिरहेका छन् ।

हाम्रा पूर्वीय दर्शनलाई सिद्धान्तका रूपमा स्थापित गर्न सकिने केही उदाहरणहरू जस्तैः गौतम बुद्धद्वारा प्रतिपादित चार आर्य सत्य बौद्ध दर्शनको मूल आधार हो । यी सत्यहरूले मानव जीवनको दुःख, त्यसको कारण, समाधान र समाधानतर्फ जाने मार्गलाई स्पष्ट व्याख्या गर्छन् । यसलाई मानव जीवनका दुःख बुझ्ने वा त्यसको निवारण गर्ने एक सिद्धान्तका रूपमा स्थापना गर्न सकिन्छ । यसो गर्दा हाम्रा लाखौं युवालाई दुःखको अनुभूतिबाट मुक्त गरेर शान्ति र सुखानुभूतिको मार्गमा डोर्‍याउन सकिन्छ । यो नै राष्ट्र निर्माणमा टेवा पुर्‍याउनसक्ने जनशक्ति हो । यसरी नै बुद्धका त्रिरत्न ('बुद्धम् शरणम् गच्छामी', 'धम्मम् शरणम् गच्छामी' र 'संगम शरणम् गच्छामी') लाई ज्ञानको व्यवस्थापन वा ज्ञानको दिगोपनाको सिद्धान्त बनाउन सकिन्छ । मुण्डकोपनिषद्मा ज्ञानलाई दुई भाग परा विद्या (उच्च ज्ञान/आध्यात्मिक ज्ञान) र अपरा विद्या (निम्न ज्ञान/सांसारिक ज्ञान) मा वर्गीकरण गरिएको छ । यसका आधारमा पनि ज्ञानको अध्ययन गर्न सकिन्छ ।

हाम्रो पूर्वीय दर्शनले जीवनका हरेक आयाम र अवस्थाको व्याख्या गरेकोमात्र छैन, समस्याको समाधानका आधार पनि तयार पारेको छ । तर अब यसको गहन अध्ययन गरेर शिक्षा र अनुसन्धानमा समावेश गरी उच्च तहमा हुने अनुसन्धानमा सैद्धान्तिक आधार/मार्गचित्र बनाउन जरुरी छ । यसका लागि प्राज्ञिक व्यक्ति तथा अनुसन्धानकर्ताहरूको जोडबल आवश्यक छ । पूर्वीय दर्शनलाई अनुसन्धानको मूल आधार बनाउनु भनेको प्राचीन ज्ञानलाई आधुनिक वैज्ञानिक पद्धतिसँगै समायोजन गर्नु पनि हो । यसले अनुसन्धानकर्तालाई केवल तथ्य संकलन गर्ने मेसिन मात्र बनाउँदैन, बरु संवेदनशील, सन्तुलित र समाजोपयोगी चिन्तक बनाउँछ ।

नेपालजस्तो सनातन पूर्वीय ज्ञानको भूमिमा प्राज्ञिक व्यक्तिहरूले यस विषयमा राष्ट्रिय बहस थाल्नु अतिआवश्यक छ, किनभने आजको युगलाई समृद्धि र शान्ति दिने तथा जीवन र जगत्का हर समस्याको समाधान दिनसक्ने अनुसन्धानको जग नै पूर्वीय दर्शन हुनसक्छ । रासस

*(डा. कार्की नेपाल फिलसफिकल रिसर्च सेन्टरका अध्यक्ष हुन्)*

**श्रम सरोकार**

## साउदी अरेबियामा रहेका नेपालीहरूले अपनाउनुपर्ने सावधानी

पछिल्ला दिनहरूमा साउदी अरेबियाका केही दूरसञ्चार कम्पनीहरूका प्रतिज्ञापत्रहरूका प्रावधानहरू कार्यान्वयनका नाममा हुने गरेका विभिन्न किसिमका ठगी बढेको पाइएको छ । जसमा धेरै नेपालीहरू आफूले लिँदै नलिएको वित्तीय दायित्वको झमेलामा परी कानुनी कारबाहीमा पर्दै आएको साउदीस्थित नेपाली दूतावासले जनाएको छ । अनधिकृत व्यक्तिहरूबाट सिमको खरिद गर्दा र आफ्ना व्यक्तिगत विवरणहरू जथाभावी बाँड्दा यस्ता घटनाहरू घटेका हुनसक्ने भन्दै दूतावासले निम्न सावधानी अपनाउन अपिल गरेको छ ।

### मोबाइल सेवा खरिद गर्दा सावधानी अपनाउने

खुला पसलहरू वा अनधिकृत डिलरहरूबाट सिमकार्ड नकिन्ने । मोबाइल सिम कार्ड, इन्टरनेट सेवा, वा किस्ताबन्दी योजनाहरू खरिद गर्दा सम्झौताका सर्तहरू ध्यानपूर्वक अध्ययन गर्ने । सेवा प्रदायक वा एजेन्टहरूसँग माथि उल्लिखित विषयमा सम्झौता गर्दा आफ्नो जानकारीको दुरूपयोग नहुने कुरा सुनिश्चित गर्ने ।

### आफ्नो व्यक्तिगत जानकारी र कागजातहरु सुरक्षित राख्ने

आफ्नो इकामा, राहदानी, बैंक विवरण वा अन्य व्यक्तिगत कागजातहरू अनावश्यकरूपमा कसैलाई नदिने । यदि कोही कसैले तपाईंको इकामा मागेमा मागिएको विवरणहरू किन आवश्यक छ भनी पहिले राम्रोसँग बुझ्नुहोस् । तपाईंको कम्पनी वा अन्य कुनै निकाय वा व्यक्तिले कुनै कागजमा तपाईंलाई हस्ताक्षर गर्न भनेमा त्यसमा लेखिएको व्यहोरा बुझेर उचित लागेमा मात्र हस्ताक्षर गर्नुहोस् ।

### अब्शेर खाताको जानकारी सुरक्षित राख्ने

आफ्नो अब्शेर खाताको विवरण, पासवर्ड, वा ओटिपी कसैलाई पनि नदिने । अपरिचित व्यक्तिलाई तपाईंको अबशेर खाता खोल्न, अपडेट गर्न, वा परिवर्तन गर्न सहयोग नमाग्नुहोस् । कसैले सहयोग गर्छु भने पनि त्यस्तो व्यक्तिको सहयोग नलिने । आफ्नो मोबाइल फोन कसैलाई पनि नदिने । प्रायोजक (स्पोन्सर), एचआर कर्मचारी, वा अन्य जो सुकै भए पनि आफ्नो फोनको प्रयोग गर्न अरुलाई नदिने । उनीहरूले तपाईंको जानकारी दुरूपयोग गर्न वा ठगीका लागि प्रयोग गर्न सक्छन् ।

**पाठक मञ्च**

## श्रमिकको ढाड सेक्ने 'एसभिपी' अस्वीकार गरौं

विगत लामो समयदेखि नेपालको अर्थतन्त्र वैदेशिक रोजगारीबाट भित्रिने रेमिट्यान्सको जगमा टिकेको कुरा कसैसामु छिपेको छैन । देशमा पर्याप्त रोजगारीको सिर्जना हुन नसक्दा दैनिक हजारौं युवाहरू आफ्नो पसिना बेचेर परिवारको गुजारा चलाउन विदेसिन बाध्य छन् । यसै सन्दर्भमा हालै साउदी अरब सरकारले त्यहाँ जाने नेपाली श्रमिकका लागि 'सीप प्रमाणीकरण कार्यक्रम' (एसभिपी) अनिवार्य रूपमा कार्यान्वयन गर्न नेपाल सरकारलाई पठाएको पत्र र यसले उब्जाएका गम्भीर सवालहरूप्रति राज्यको ध्यान आकर्षण गराउन यो पाठकपत्र प्रेषित गरेको छु ।

साउदी दूतावासले श्रमिकको हित र दक्षता सुनिश्चित गर्न यो कार्यक्रम ल्याएको दाबी गरे पनि यसभित्र लुकेको अव्यावहारिक र शोषणात्मक पाटो अत्यन्तै चिन्ताजनक छ । सुरुआती चरणमा लोड/अनलोड वर्कर, क्यारियर, हि्वलब्यारो वर्कर, कन्स्ट्रक्सनजस्ता पाँचवटा सामान्य पेसामा यो प्रणाली लागू गर्न खोजिएको छ । यहाँनेर विचारणीय प्रश्न यो छ कि- भारी बोक्ने, सामान लोड-अनलोड गर्ने वा हि्वलब्यारो गुडाउनेजस्ता सामान्य शारीरिक श्रमका लागि कस्तो खालको सैद्धान्तिक र प्रयोगात्मक सीप प्रमाणीकरण आवश्यक पर्ने हो ? यस्ता आधारभूत कामका लागि पनि प्रमाणपत्र खोज्नु आफैंमा हास्यास्पद र अव्यावहारिक छैन र ?

यस कार्यक्रमको सबैभन्दा आपत्तिजनक पक्ष भनेको श्रमिकमाथि थपिने चर्को आर्थिक भार हो । सीप परीक्षणको नाममा प्रतिश्रमिक करिब १५ हजार रूपैयाँ शुल्क तोकिएको छ । पहिले नै राहदानी, स्वास्थ्य परीक्षण, बिमा, अभिमुखीकरण र म्यानपावर कम्पनीहरूको अदृश्य चर्को शुल्कको मारमा परेका गरिब नेपाली श्रमिकका लागि यो थप १५ हजार रूपैयाँ ढाड सेक्ने भार हो । ऋणको चर्को ब्याजमा पैसा काढेर विदेश जान तयार भएका सोझा साझा नेपाली श्रमिकहरूलाई सीप प्रमाणीकरणका नाममा थप आर्थिक शोषण गर्ने र दुःख दिने यो प्रपञ्च कुनै पनि हालतमा स्वीकार्य हुन सक्दैन । स्वास्थ्य परीक्षण, सीप विकास वा जुनसुकै नाममा शुल्क असुलिए पनि अन्तिममा त्यसको प्रत्यक्ष मार गरिब श्रमिककै थाप्लोमा बज्रिने गरेको तीतो यथार्थ हाम्रासामु छ ।

साउदी सरकारले भारत, पाकिस्तान, बंगलादेश र श्रीलंकाजस्ता अन्य स्रोत मुलुकहरूमा यो व्यवस्था सफल भइसकेको दाबी गर्दै नेपालमा पनि लागू गर्ने अडान लिएको देखिन्छ । तर, अन्य देशमा लागू भयो भन्दैमा नेपालका विपन्न श्रमिकलाई कंगाल बनाउने नीतिलाई हुबहु स्वीकार्नु हुँदैन । यदि साउदी सरकार आफ्ना कम्पनीहरूमा दक्ष कामदार नै लैजान चाहन्छ र यो व्यवस्था श्रमिककै हितमा छ भने, सीप प्रमाणीकरणको सम्पूर्ण खर्च रोजगारदाता कम्पनीले नै बेहोर्ने सुनिश्चितता हुनुपर्छ । 'फ्रि भिसा, फ्रि टिकट' को नीति कागजमामात्र सीमित भइरहेका बेला यो नयाँ शुल्कको भारी श्रमिकलाई बोकाउनु सरासर अन्याय हो ।

अतः नेपाल सरकार, विशेषगरी युवा, श्रम तथा रोजगार मन्त्रालय र परराष्ट्र मन्त्रालयले यस विषयमा तत्कालै गम्भीर कदम चाल्न जरुरी छ । साउदी सरकारले पठाएको पत्रमाथि आन्तरिक छलफलमात्र गरेर बस्ने समय यो होइन । सरकारले आफ्नो कूटनीतिक संयन्त्रको उच्च प्रयोग गरी साउदी सरकारसँग सीधा र स्पष्ट संवाद गर्नुपर्छ । श्रमिकलाई एक पैसा पनि थप आर्थिक भार नपर्नेगरी वा रोजगारदाताले नै उक्त शुल्क बेहोर्नेगरी कूटनीतिक माध्यमबाट यसको स्थायी समाधान तत्काल खोजियोस् ।

सीपयुक्त जनशक्ति पठाउनु स्वागतयोग्य कुरा हो, तर सीपको नाममा आफ्ना नागरिकलाई वैदेशिक रोजगार माफिया र अदृश्य संयन्त्रको शोषणको सिकार बन्नबाट जोगाउनु राज्यको पहिलो दायित्व हो । सरकारले बेलैमा दृढ अडान लेओस्, अन्यथा नेपाली श्रमिकहरूको बाध्यतामाथि व्यापार गर्ने अर्को एउटा वैधानिक बाटो खुल्ने निश्चित छ ।

**- डि.के. राई**
कुसुन्ती, ललितपुर



**दिवा खाजा खाँदै विद्यार्थी** | शुक्लाफाँटा नगरपालिका–१२ कालागौंडीस्थित शिवशंकर माध्यमिक विद्यालयका विद्यार्थी बिहीबार चौतारीमा बसेर दिवा खाजामा खिर खाँदै । विद्यालयले तालिका अनुसार आधारभूत तहका बालबालिकालाई हरेक दिन फरक–फरक खाजा खुवाउने व्यवस्था गरेको छ । *तस्बिर: रासस*

# पाल्पामा गिद्ध संरक्षणका लागि विद्यालयस्तरमा सचेतना

**तानसेन (पाल्पा)–** जैविक विविधता र पर्यावरणका लागि अत्यन्तै महत्त्वपूर्ण मानिने गिद्ध केही समयता पाल्पामा देखिन छोडेका छन् । दशकअघि यहाँका डाँडा र फाँटहरूमा देखिने गिद्ध हिजोआज देखिँदैनन् ।

मानवीय सचेतनासँगै जथाभावी फालिने सिनो गाड्ने वा व्यवस्थितरूपमा राख्न थालेपछि गिद्धलाई आहारा नपुगेको, जनसंख्या वृद्धिसँगै मानवीय अतिक्रमण बढ्दै गएकाले गिद्ध कम हुँदै गएका जानकारीहरू बताउँछन् ।

जिल्लाको माथागढी, तानसेन, बगनासकाली, रामपुर क्षेत्रमा केही वर्षअघि गिद्धको बासस्थान थियो । तर सामुदायिक र निजी जग्गाका ठूला पिपल र सिमलका रुख काटिन थालेपछि गिद्ध बासस्थान छाडेर अन्यत्र जाने गरेका दमकडाका प्रकाश नेपालले बताए । उनले भने, 'केही वर्षअघिसम्म नजिकैको पीपलमा गिद्धले आफ्नो बच्चा हुर्काउँथ्यो । अहिले यहाँका गिद्ध कहाँ गए । एक दशक भयो देखिन छाडेका छन् ।'

बासस्थान बनाउने ठूला पिपल, बर, सिमलका रुखको नास भएपछि गिद्धले बस्ने स्थान नपाएपछि अन्यत्र जान थालेका छन् । जिल्लामा गिद्ध लोप हुँदै जान थालेपछि वातावरण संरक्षणसँग सम्बन्धित विभिन्न संघसंस्थाहरूले संरक्षणका लागि विद्यालयस्तरमा सचेतना अभियान चलाउन थालेका छन् । अधेरी छरछरे सामुदायिक वन उपभोक्ता समूहले डिभिजन वन कार्यालयको सहयोगमा दमकडा माविका विद्यार्थीहरूलाई गिद्ध वासस्थान संरक्षणसम्बन्धी सचेतना कार्यक्रम सञ्चालन गरेको छ ।

लोपोन्मुख गिद्ध संरक्षणमा योगदान पुऱ्याउने उद्देश्यले विद्यालयस्तरका विद्यार्थीहरूमा सचेतना फैलाउने अभियान सञ्चालन गरिएको समूहका अध्यक्ष लोकनाथ घिमिरेले बताए । उनले भने, 'गिद्ध संरक्षण एक जनालेमात्र गरेर हुँदैन समुदायस्तरको उत्तिकै भूमिका रहन्छ । विद्यार्थीमार्फत समुदायमा सचेतना जगाउन हामीले पहिलो चरणमा विद्यालस्तरमा सचेतना कार्यक्रम गरिरहेका छौं ।'

उनले गिद्ध बस्ने तथा गुँड लगाउने सिमलका रुख मासिँदै गएपछि बासस्थानमा ह्रास आएकाले गिद्ध लोप हुँदै गएका भन्दै त्यस्ता रुखको संरक्षण गर्न सके गिद्धको संरक्षण गर्न सकिन्छ भन्ने ज्ञान विद्यार्थीमा पुऱ्याउन सचेतना अभियान थालिएको उल्लेख गरे । 'विद्यार्थीमार्फत समुदायमा छिट्टै सचेतना फैलाउन सकिन्छ भनेर पहल थालेका छौं,' उनले भने ।

यहाँ आयोजित एक कार्यक्रममा विद्यार्थीहरूलाई गिद्धलाई 'प्राकृतिक सफा गर्ने चरा' का रूपमा चिनाउँदै वातावरणीय सन्तुलनमा यसको भूमिकाबारे विस्तृत जानकारी दिइएको थियो । विद्यार्थीलाई विषमुक्त पशु उपचार, सुरक्षित प्राकृतिक वातावरण संरक्षण र समुदायस्तरमा निगरानीबारे पनि प्रशिक्षण दिइएको थियो । पक्षी संरक्षण संघ परियोजनाका अधिकृत सुजन बस्नेतले पछिल्लो समयमा मानवीय क्रियाकलाप तथा गतिविधिका कारण गिद्धको जीवनचक्र नै संकटमा पर्दै गएकाले अब संरक्षणका लागि विद्यालय र समुदाय तहबाटै पहल गर्नुपर्नेमा जोड दिए । *रासस*

# बिपी राजमार्गमा पुनर्निर्मित 'ट्र्याक'बाट यातायात सञ्चालनको तयारी



**काभ्रेपलाञ्चोक–** पटक-पटकको बाढीपहिरोले क्षतिग्रस्त बिपी राजमार्गको काभ्रेपलाञ्चोक-सिन्धुली खण्डमा स्थायीरूपमा थालिएको पुनर्निर्माणकार्यसँगै अबको केही दिनमै पुनर्निर्मित ट्र्याकबाटै सवारी आवागमनको तयारी भइरहेको छ । यसका लागि पछिल्ला केही महिनादेखि पुनर्निर्माणलाई तीव्रता दिइँदै आइएको हो ।

पूर्वी तथा मध्यपहाडी क्षेत्रलाई संघीय राजधानी काठमाडौँसँग जोड्ने छोटो दूरीको रूपमा रहेको उक्त राजमार्गको क्षतिग्रस्त क्षेत्रको अधिकांश स्थानमा ग्राभेलसम्मको काम तथा केही स्थानमा भने बर्षाका ठूला ढुंगा राखेर सडक तयार गरिरहेको डिभिजन सडक कार्यालय भक्तपुरले जनाएको छ । वर्षायामलाई मध्यनजर गर्दै पुरानै सडकमा खोलिएको ट्र्याकबाट असार दोस्रो साता अर्थात् केही दिनमै सवारीसाधन सञ्चालन गर्नेगरी तयारी भइरहेको कार्यालयका प्रमुख सुमन योगेशले बताए । उनका अनुसार हाल पनि चार स्थानमा माथिबाट गाडी सञ्चालन गर्नसक्ने अवस्थामा छ भने तत्कालै पनि बाढी आयो भने माथिबाटै चलाउन सुरु गर्न सकिने छ । बाढीपहिरोले राजमार्गको सडक क्षतिग्रस्त बनाएपछि हाल रोशी खोलामा अस्थायी डाइभर्सन बनाएर सवारी आवागमन गराउँदै आइएको छ ।

चारसयबेँसी, बोक्सीकुना, कालढुंगा र डालाबेँसीको एउटा खण्ड तयार भइसकेको योगेशको भनाइ छ । 'यीबाहेक अन्य क्षेत्रका डाइभर्सनमा समस्या आए अब गाडी रोकिने अवस्था देखिँदैन,' उनले भने । २०८१ असोजको बाढीपहिरोले राजमार्गअन्तर्गत भकुन्डेबेँसीदेखि नेपालथोकसम्म करिब ३० किलोमिटर सडकमा क्षति पुऱ्याएको थियो । त्यसपछि पटक-पटकका वर्षाले सवारी सञ्चालन गर्न रोशी खोलामा अस्थायीरूपमा बनाइएको डाइभर्सन पनि बाढीले बगाउने गरेको थियो । हाल वर्षायामअघि सात मिटर उचाइसम्म सडक बनाएर ग्राभेल राख्न थालिएको छ भने वर्षापछि खोलाबाट करिब १० मिटर उचाइसम्म सडक बनाएर कालोपत्रे गरिने जनाइएको छ ।

कतिपय स्थानमा आरसिसी वालको फाउण्डेसन पूरा भई अन्य काम भइरहेको छ भने ट्र्याक निर्माण भएका सडकमा ग्राभेल हालेर सवारीसाधन सञ्चालनमा ल्याइने योगेशले बताए । उनका अनुसार अहिलेसम्म असार १५ गतेदेखि नै नयाँ ट्र्याकबाट आवागमनको तयारी भइरहेको छ । उक्त क्षेत्रमा भने आउँदो आर्थिक वर्षमा कालोपत्रको काम थालिने योगेशको भनाइ छ ।

क्षतिग्रस्त चार खण्डमध्ये बाँकी एक खण्ड बर्खेखोलादेखि पिप्लेसम्मको ३.२ किलोमिटर सडक जापान अन्तर्राष्ट्रिय सहयोग नियोग (जाइका)ले पुनर्निर्माण गरिरहेको छ । जाइकाले उक्त खण्डमा माटो भरेर बोल्डर (ठूला ढुंगा) राख्ने काम भइरहेको जनाइएको छ । वर्षाका बेला भने यस खण्डमा खोलाबाट सवारीसाधन चलाउनुपर्ने अवस्था नभएको योगेशले बताए । राजमार्गअन्तर्गत काभ्रेपलाञ्चोकतर्फ तीन र सिन्धुलीतर्फ एक गरी चार प्याकेज बनाएर ठेक्का सम्झौता गरी कामअघि बढाइएको हो ।

सम्भावित जोखिम तथा निर्माणकार्यलाई मध्यनजर गर्दै हाल पनि साँझ ५:०० बजेदेखि बिहान ५:०० बजेसम्म रातको समयमा आवागमनमा भने रोक लगाइएको छ । यसअघि रोशी खोलामा बाढी आउनेबित्तिकै अस्थायी डाइभर्सन बगाउँदा राजमार्ग अवरुद्ध हुँदै आएको छ । अबको पुनर्निर्माणमा राजमार्गको स्तरोन्नति गर्दै दुई लेनको सडक निर्माण गरिने भएको हो । 'पुनर्निर्माण हुने सडकखण्डमा दुई लेनको सडक बन्ने छ भने यसभित्र रहेका पुलसँगै अर्को पुल निर्माण गरेर पुललाईसमेत दुई लेनको निर्माण गरिने छ,' योगेशले भने । उनका अनुसार पाँचवटा पुललाई दुई लेनमा परिणत गर्नेसमेत योजना बनाइएको छ ।

डालाबेँसीदेखि चारसयबेँसीसम्म ८.५ किलोमिटर सडक पुनर्निर्माणका लागि खानी-एवन-कमलजीत जेभीले एक अर्ब ४२ करोड ३७ लाख रूपैयाँ (भ्याटसहित)मा निर्माण गर्ने गरी ठेक्का दिइएको छ । यस्तै चारसयबेँसीदेखि भकुन्डेबेँसीसम्मको ११.०८ किलोमिटर सडक पुनर्निर्माणका लागि लामा-नवकान्तिपुर जेभीलाई एक अर्ब ३३ करोड ५३ लाख रूपैयाँ, नेपालथोकदेखि बर्खेखोलासम्म ४.९० किलोमिटर सडक पुनर्निर्माणका लागि ६१ करोड रूपैयाँ (भ्याटसहित)मा निर्माण गर्ने गरी खरिढुंगा-घिसिङ-क्षितिज जेभीसँग ठेक्का सम्झौता गरिएको छ ।

क्षतिग्रस्त कूल २९.५ किलोमिटर सडकमध्ये बर्खेखोलादेखि पिप्लेसम्मको ३.२ किलोमिटर सडकलाई जाइकाले दुई अर्ब ६३ करोड रूपैयाँबराबरको अनुदान उपलब्ध गराउने समझदारी भएको हो । कार्यालयले जाइकाले निर्माण गर्ने सडकखण्डबाहेकका अन्य खण्डमा सरकारले गत असोजअघि नै ठेक्का लगाइसकेको थियो । क्षतिग्रस्त खण्ड पुनर्निर्माणका लागि सरकारले आठ अर्ब ५० करोड रूपैयाँ स्रोत सहमति दिएको हो । जसमध्ये काभ्रेपलाञ्चोकतर्फका तीन सडकखण्डलाई सात अर्ब ५० करोड रूपैयाँ र सिन्धुलीको एक सडकखण्डलाई एक अर्ब रूपैयाँको स्रोत सहमति दिइएको छ ।

जापान सरकारको अनुदान सहयोगमा आव २०५३/५४ बाट बिपी राजमार्ग (धुलिखेल-सिन्धुली-बर्दिबास १६० किलोमिटर सडक) निर्माण कार्य सुरु गरिएको थियो । खण्डखण्ड विभाजन गरी निर्माण सम्पन्न राजमार्गको २०७२ असार १८ गते औपचारिकरूपमा जापान सरकारले नेपाल सरकारलाई हस्तान्तरण गरेको थियो । *रासस*

## काठ लिलाम विक्री सम्बन्धी सूचना

**प्रथम पटक सूचना प्रकाशित मितिः २०८३/०३/१२**

| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

MINAWA Govt.Lic. No- 1168/073/074

MINAWA RECRUITMENT H.R. PVT LTD

Pingalasthan-09, Kathmandu (Nepal), T: 01-4591510, 01-4591511

E:-minawarecruitment@gmail.com I w:-www.minawarecruitment.com

## युएइमा रोजगार

कम्पनी : RR FACILITY MANAGEMENT - SOLE PROPRIETORSHIP L.L.C

पूर्व स्वीकृति मिति : २०८३/०३/११ | LT. No. 344008 | चलानी नं. ६०२५७३३७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब AED | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaner General | 50 | 150 | 1000 | ४१,१२५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मिति : २०८३ असार १९ गते (3rd July 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Govt. License 1618/079/80

MANPOWER AGENCY NEPAL PVT.LTD.

Sinamangal-9, Kathmandu, Nepal, Telephone: 014493648, Aita bahadur Tamang -9851068111

## मलेसियामा रोजगार

कम्पनी : CHEN SEN FOOD PRODUCT SENDIRIAN BERHAD

पूर्व स्वीकृति मिति : २०८३/०३/११ | LT. No.344030 | चलानी नं. ६०२५७३३१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब RM | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Agriculture Labour | 3 | 0 | 1700 | ६२,३६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तर्वार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मिति : २०८३ असार १९ गते (3rd Jul. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.२१००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम इजाजत नं. १६४८/०७०/०७१

SECURE NEPAL JOB PLACEMENT PVT . LTD

Sinamangal-09, Tarahall chowk, Kathmandu, Nepal, Tel : 015919873, 015917974, Mob: 9851014874

E-mail: info@securenepaljobs.com, Website : www.securenepaljobs.com

## मलेसियामा रोजगार

कम्पनी : FERO MALTECH INDUSTRIES SDN BHD

पूर्व स्वीकृति मिति : २०८२/१२/०२ | पुनः विज्ञापन स्वीकृति मिति : २०८३/०३/११ | LT. No. 340060 | चलानी नं. ६०२५३४९०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब RM | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Production Workers | 8 | 0 | 1700 | ६२,४४९ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तर्वार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८३ असार २० गते (4th July 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

License No. : 333/059/60

SUHASHA LINK PVT. LTD.

Samakhusi-14, Tokha, Kathmandu, Nepal, Tel: 01 4982668, 4962338

Email : suhashafrontdesk956@gmail.com, documentationsuhasa@gmail.com,



टर्कीको इस्तानबुलमा बिहीबार सातौं शताब्दीमा शहादत भएका इमाम हुसेनको सम्झनामा निकालिएको आशौरा र्‍यालीमा सहभागी शिया धर्मावलम्बीहरू। *तस्बिर: एपी*

# इरान युद्धमा ८७ अर्ब डलर माग

**वासिङ्टन–** इरानसँगको युद्धका कारण बढ्दो सैन्य खर्चकाबीच ह्वाइट हाउसले अमेरिकी कंग्रेससँग ८७ अर्ब ६० करोड अमेरिकी डलरको अतिरिक्त बजेट माग गरेको छ । राष्ट्रपति डोनाल्ड ट्रम्पको इरान नीति र युद्ध व्यवस्थापनमाथि कंग्रेसमा विवाद चर्किरहेका बेला आएको यो प्रस्तावले नयाँ राजनीतिक बहस पनि सिर्जना गरेको छ ।



ह्वाइट हाउसको व्यवस्थापन तथा बजेट कार्यालयले बुधबार कंग्रेसलाई पठाएको पत्रमा इरानसँग सम्बन्धित 'अपरेसन एपिक फचुरी'का तत्काल आवश्यकताका साथै अफ्रिकामा फैलिएको इबोला प्रकोप नियन्त्रण र अमेरिकी किसानलाई सहयोग गर्न अतिरिक्त बजेट आवश्यक रहेको जनाएको छ ।

प्रस्तावित रकममध्ये करिब ७० अर्ब डलर रक्षा मन्त्रालयलाई छुटचाइएको छ । यो रकम सैन्य तयारी, सैनिक कर्मचारीको खर्च, युद्धका क्रममा प्रयोग भएका हतियार तथा सामग्रीको पुनः भण्डारण, सञ्चालन खर्च र गोप्य कार्यक्रमहरूका लागि प्रयोग गरिने जनाइएको छ ।

यस अतिरिक्त बजेट प्रस्तावमा अमेरिकी किसानहरूलाई सहयोग गर्न ११ अर्ब डलर तथा अफ्रिकामा फैलिएको इबोला प्रकोप नियन्त्रणका लागि एक अर्ब ४० करोड डलर पनि समावेश गरिएको छ । प्रशासनले वासिङ्टन डिसी र आसपासका पुनर्निर्माण तथा पूर्वाधार आयोजनाका लागि ५० करोड डलर र न्युयोर्कस्थित पेन स्टेसनको नवीकरण कार्य सम्पन्न गर्न थप एक अर्ब डलर माग गरेको छ ।

यद्यपि इरानसँगको युद्धप्रति जनसमर्थन कमजोर बन्दै गएका बेला यो खर्च प्रस्तावले कंग्रेसमा कडा चुनौती सामना गर्ने देखिएको छ । दुवै दलका केही सांसदहरूले युद्धसम्बन्धी थप खर्चप्रति असन्तुष्टि जनाउँदै आएका छन् ।

यसैबीच अमेरिकी सिनेटले मंगलबार इरानसम्बन्धी युद्ध अधिकार प्रस्ताव पारित गर्दै कंग्रेसको स्वीकृतिविना राष्ट्रपति ट्रम्पलाई थप सैन्य कारबाही सुरु गर्न नपाउने व्यवस्था गरेको छ । फेब्रुअरीको अन्त्यदेखि सुरु भएको द्वन्द्वपछि पहिलोपटक यस्तो प्रस्ताव कंग्रेसका दुवै सदनबाट पारित भएको हो । *रासस/सिन्ह्वा*

# भेनेजुएलामा शक्तिशाली भूकम्प

**काराकास–** भेनेजुएलामा बुधबार साँझ आएको शक्तिशाली भूकम्पले ठूलो मानवीय तथा भौतिक क्षति पुऱ्याएको छ । बिहीबार साँझसम्म प्राप्त तथ्यांकअनुसार भूकम्पमा परी १६४ जनाको मृत्यु भएको छ भने एक हजारभन्दा बढी घाइते भएका छन् ।

भूकम्पपछि राष्ट्रका नाममा सम्बोधन गर्दै कार्यवाहक राष्ट्रपति डेल्सी रोड्रिग्जले बिहीबार उद्धार तथा खोजी अभियान जारी रहेकाले मृतकको संख्या अझै बढ्न सक्ने चेतावनी दिए ।

देशका विभिन्न क्षेत्रमा ७.२ र ७.५ म्यागिनच्युडका दुई शक्तिशाली भूकम्प आएपछि दर्जनौं भवनहरू भत्किएका छन् भने आपत्कालीन टोलीहरू प्रभावित क्षेत्रमा उद्धार तथा राहत कार्यमा खटिएका छन् । कार्यवाहक राष्ट्रपति रोड्रिग्जका अनुसार ला गुआइरा राज्य सबैभन्दा बढी प्रभावित भएको छ । उनले उक्त क्षेत्रले गम्भीर मानवीय संकटको सामना गरिरहेको बताए ।



उनका अनुसार धेरै भवनहरू ध्वस्त भएका छन् र भग्नावशेषमा फसेका मानिसहरूको उद्धारका लागि सुरक्षाकर्मी तथा आपत्कालीन टोलीहरू निरन्तर परिचालन गरिएका छन् । रोड्रिग्जले ला गुआइरालाई विपद् प्रभावित क्षेत्रका रूपमा वर्णन गर्दै जीवन रक्षा अहिले सरकारको प्रमुख प्राथमिकता रहेको बताए । उनले उद्धारकर्मीहरू कठिन परिस्थितिमा मानिसहरूको ज्यान बचाउन निरन्तर प्रयासरत रहेको उल्लेख गरे ।

सरकारले प्रभावित क्षेत्रमा राहत तथा उपचार सेवालाई तीव्र बनाएको छ भने क्षतिको वास्तविक विवरण संकलन गर्ने कार्य पनि जारी रहेको जनाइएको छ ।

रोड्रिग्जका अनुसार देशको मुख्य हवाई प्रवेशद्वार सिमोन बोलिभर अन्तर्राष्ट्रिय विमानस्थलमा समेत क्षति पुगेको छ । क्षतिको गम्भीरताका कारण विमानस्थल बन्द गरिएको छ भने विद्यालयका कक्षाहरू केही दिनका लागि स्थगित गरिएका छन् । शिक्षा मन्त्रालयले केही विद्यालयलाई अस्थायी आश्रयस्थल र राहत वितरण केन्द्रका रूपमा प्रयोग गरिने जनाएको छ ।

स्वास्थ्यकर्मीहरूलाई अस्पतालमा उपस्थित भएर घाइतेहरूको उपचारमा सहयोग गर्न सरकारले आह्वान गरेको छ ।

अमेरिकी भूगर्भ सर्वेक्षणले पहिलो भूकम्पको तीव्रता सुरुमा ७.१ मापन गरे पनि पछि ७.२ मा संशोधन गरेको थियो । यसको केन्द्र काराकासबाट करिब १६८ किलोमिटर पश्चिममा क्यारिबियन तटीय क्षेत्रको मोरोन समुदाय नजिक रहेको थियो । २२ किलोमिटर गहिराइमा गएको पहिलो भूकम्पपछि एक मिनेटमै ७.५ म्यागिनच्युडको दोस्रो भूकम्प आएको थियो । दोस्रो भूकम्पको केन्द्र मोरोनबाट १६ किलोमिटर दक्षिणपश्चिममा तथा १० किलोमिटर गहिराइमा रहेको जनाइएको छ ।

एक शताब्दीभन्दा बढी अवधिमा भेनेजुएलामा महसुस गरिएका सबैभन्दा शक्तिशाली भूकम्पमध्ये यी दुईलाई मानिएको छ । स्थानीय समयअनुसार साँझ ६ बजेपछि आएका ती भूकम्पका कारण राजधानी काराकासका मानिसहरू घर, कार्यालय र व्यापारिक भवनबाट बाहिर निस्किएका थिए । कतिपय क्षेत्रमा पर्खालहरू भत्किएका, सडकमा सामान छरिएका र धूलोका मुस्लाहरू उडेको देखिएको थियो ।

सूर्यास्तपछि पनि हजारौं मानिसहरू सडक, खुला स्थान तथा पार्कमा बसेका थिए । धेरैले आफ्ना घरपालुवा जनावरलाई साथमा लिएर खुला स्थानमा रात बिताएका थिए । कतिपय सडकहरूमा ढलेका संरचना, बिजुलीका खम्बा र भग्नावशेषले आवागमन अवरुद्ध बनाएको थियो । राजधानीका केही क्षेत्रमा विद्युत् सेवा तथा मोबाइल सञ्जालसमेत अवरुद्ध भएको छ ।

काराकास निवासी हेक्टर रिक्कीले सुरुमा हल्का कम्पन महसुस भए पनि केही क्षणमै भूकम्प अत्यन्त शक्तिशाली बनेको बताए । उनका अनुसार सबै मानिस घरबाट बाहिर निस्केर खुला स्थानमा भेला हुन बाध्य भएका थिए ।

सरकारले राजधानीमा मेट्रो सेवा तथा प्राकृतिक ग्यास आपूर्ति अस्थायीरूपमा बन्द गरेको छ । नागरिकहरूलाई सरकारी मोबाइल एपमार्फत आफ्नो क्षेत्रको क्षति विवरण उपलब्ध गराउन पनि आग्रह गरिएको छ ।

मोबाइल सञ्जाल अवरुद्ध हुँदा देशबाहिर रहेका लाखौं भेनेजुएलीहरूमा आफ्ना परिवारसँग सम्पर्क गर्न नसक्दा चिन्ता बढेको छ । विदेशमा निर्वासनमा रहेकी विपक्षी नेतृ मारिया कोरिना मचाडोले सामाजिक सञ्जालमार्फत देशवासीलाई धैर्य र एकताको सन्देश दिएकी छन् ।

गृहमन्त्री डिओसडाडो क्याबेलोले भूकम्प धेरै राज्यहरूमा महसुस गरिएको बताउँदै केही स्थानमा भवन र घरहरूमा गम्भीर क्षति पुगेको जानकारी दिए । उनले आपत्कालीन सवारीसाधनलाई प्राथमिकता दिन तथा बालबालिका र ज्येष्ठ नागरिकको विशेष हेरचाह गर्न आग्रह गरे । सम्भावित परकम्पका कारण नागरिकहरूलाई खुला स्थानमा बस्न पनि सुझाव दिइएको छ ।

काराकास निवासी रोबर्टो गामासले भवन एक छेउबाट अर्को छेउसम्म अत्यन्त तीव्ररूपमा हल्लिएको बताए । उनका अनुसार भूकम्पको शक्तिशाली धक्काले घरभित्रका सामानहरू खसेका थिए र मानिसहरूलाई सुरक्षित रूपमा बाहिर निस्कन निकै कठिन भएको थियो ।

भूकम्पपछि अन्तर्राष्ट्रिय समुदायबाट पनि सहानुभूति र सहयोगका प्रस्ताव आएका छन् । संयुक्त राज्य अमेरिका, चिली, एल साल्भाडोर तथा इक्वेडरले आवश्यक मानवीय सहायता उपलब्ध गराउन तत्पर रहेको जनाएका छन् । अमेरिकी उपविदेशमन्त्री क्रिस्टोफर लाण्डाउले भेनेजुएली जनतासँग अमेरिका एकताबद्ध रहेको बताएका छन् । एल साल्भाडोरका राष्ट्रपति नायब बुकेले पनि सामाजिक सञ्जालमार्फत सहानुभूति व्यक्त गर्दै सहयोगको प्रस्ताव गरेका छन् । इक्वेडरका राष्ट्रपति डेनियल नोबोआले तत्काल मानवीय सहायता पठाउन निर्देशन दिएको जानकारी दिएका छन् ।

भूकम्पको प्रभाव छिमेकी देशहरूमासमेत महसुस गरिएको छ । ब्राजिलको अमेजन क्षेत्रका मनाउस, बेलेम र मकापा सहरमा भवनहरू खाली गराइएको स्थानीय सञ्चारमाध्यमहरूले जनाएका छन् । कोलम्बियाको क्यारिबियन तथा उत्तरपूर्वी क्षेत्रमा पनि कम्पन महसुस गरिएको भए पनि त्यहाँ क्षति वा मानवीय हानि भएको विवरण प्राप्त भएको छैन । प्रशान्त सुनामी चेतावनी केन्द्रले भूकम्पपछि केही समयका लागि सुनामीसम्बन्धी चेतावनी जारी गरे पनि पछि ती चेतावनीहरू फिर्ता लिइएको जनाएको छ ।

भेनेजुएलामा यस्ता शक्तिशाली भूकम्प कमै आउने भए पनि देश दक्षिण अमेरिकी र क्यारिबियन टेक्टोनिक प्लेटको सीमाक्षेत्र नजिक अवस्थित छ । यद्यपि मेक्सिको र चिलीजस्ता प्रशान्त तटीय राष्ट्रहरूको तुलनामा यहाँ ठूलो भूकम्प कम हुने गर्छ । वैज्ञानिकहरूका अनुसार विश्वका करिब ९० प्रतिशत भूकम्प हुने 'रिङ अफ फायर' क्षेत्रमा पर्ने देशहरूमा यस्ता घटनाहरू बढी दोहोरिने गरेका छन् । *रासस/एपी*

# बेलायत: राजाले कर विवरण सार्वजनिक गर्दै

**लण्डन–** बेलायती राजतन्त्रमा पारदर्शिता बढाउने प्रयासस्वरूप राजा चार्ल्स तृतीयले आफ्नो व्यक्तिगत कर विवरण सार्वजनिक गर्ने तयारी गरेका छन् । यससँगै उनी व्यक्तिगत कर विवरण सार्वजनिक गर्ने पहिलो बेलायती राजा बन्ने अपेक्षा गरिएको छ ।

यो विवरण बकिंघम दरबारले सार्वभौम अनुदानसम्बन्धी वार्षिक प्रतिवेदन सार्वजनिक गर्ने क्रममा सार्वजनिक गर्ने तयारी गरेको बेलायती सञ्चारमाध्यमहरूले जनाएका छन् । सार्वभौम अनुदानमार्फत बेलायती करदाताले राजतन्त्रका गतिविधिहरूका लागि आर्थिक सहयोग गर्दै आएका छन् । गत वर्ष दरबारले आठ करोड ६३ लाख पाउण्ड खर्चको विस्तृत विवरणसहित १५९ पृष्ठको प्रतिवेदन सार्वजनिक गरेको थियो । उक्त प्रतिवेदनमा दरबारको नवीकरण खर्चसमेत समावेश थियो ।

राजा चार्ल्सले वेल्सका राजकुमार रहँदा आफ्नो व्यक्तिगत आम्दानीमा तिरेको करबारे जानकारी सार्वजनिक गर्ने गरेका थिए । तर सन् २०२२ मा रानी एलिजाबेथ द्वितीयको निधनपछि सिंहासनमा आरोहण गरेयता उनले पहिलोपटक राजाको हैसियतमा यस्तो विवरण सार्वजनिक गर्न लागेका हुन् । वेल्सका राजकुमार विलियमले पनि आफ्नो वित्तीय विवरण सार्वजनिक गर्ने अपेक्षा गरिएको छ ।

राजपरिवारका सदस्य एण्ड्र्यु माउन्टब्याटन-विण्डसरसँग सम्बन्धित विवादपछि राजतन्त्रको आर्थिक तथा प्रशासनिक गतिविधिमा थप पारदर्शिता आवश्यक रहेको माग बेलायतमा बढ्दै गएको छ । राजाका कान्छा भाइ एण्ड्र्यु सार्वजनिक पदको दुरूपयोगसम्बन्धी आरोपको अनुसन्धानमा छन् । उनलाई शाही सम्पत्तिबाट बाहिरिन बाध्य पारिएको थियो ।

दरबारनिकट स्रोतहरूका अनुसार राजा चार्ल्सले राजतन्त्रप्रति जनविश्वास बढाउने तथा जवाफदेहिता सुदृढ गर्ने उद्देश्यले व्यक्तिगतरूपमा कर विवरण सार्वजनिक गर्ने निर्णय गरेका हुन् । आधुनिक लोकतन्त्रमा राजतन्त्रको भूमिकामाथि उठिरहेका प्रश्नकाबीच उनले लामो समयदेखि राजसंस्थालाई सानो, कम खर्चिलो र उत्तरदायी बनाउने प्रयास गरिरहेका छन् ।

राजा चार्ल्सको व्यक्तिगत सम्पत्ति करिब ६८ करोड पाउण्ड रहेको अनुमान गरिएको छ । बेलायतका धनी व्यक्तिहरूको सूचीमा उनी शीर्ष २५० भित्र पर्छन् । कानुनी रूपमा राजालाई आयकर तिर्नुपर्ने बाध्यता नभए पनि उनले आफ्नो निजी आम्दानीमा स्वेच्छिकरूपमा कर तिर्दै आएका छन् । सन् १९९३ मा विण्डसर क्यासलमा लागेको आगलागीपछि सार्वजनिक दबाब बढेपछि रानी एलिजाबेथ द्वितीयले पनि स्वेच्छिकरूपमा कर तिर्न सुरु गरेका थिए ।

राजाले सार्वजनिक गर्ने विवरण निजी आम्दानीसँग सम्बन्धित हुने जनाइएको छ । उनको आम्दानीको मुख्य स्रोत स्कटल्याण्डस्थित बालमोरल र इंग्ल्याण्डको स्याण्ड्रिंघम एस्टेट, बचत तथा लगानी हुन् । बालमोरलमा करिब ५० हजार एकड जमिन रहेको छ भने स्याण्ड्रिंघममा करिब २० हजार एकड क्षेत्रफल फैलिएको छ । यी दुवै सम्पत्तिका केही भाग सर्वसाधारणका लागि खुला छन् र पर्यटन तथा कृषि गतिविधिबाट पनि आम्दानी हुने गर्दछ ।

यद्यपि सार्वभौम अनुदान तथा आधिकारिक जिम्मेवारी पूरा गर्न प्रयोग हुने आम्दानीमा राजाले कर तिर्नु पर्दैन । राजकुमार विलियमको मुख्य निजी आम्दानी डची अफ कर्नवालबाट प्राप्त हुने गर्दछ । करिब एक लाख ३० हजार एकड क्षेत्रफलमा फैलिएको उक्त सम्पत्तिले गत वर्ष दुई करोड २९ लाख पाउण्ड नाफा गरेको जनाएको थियो । राजा चार्ल्सको कर विवरण सार्वजनिक गर्ने निर्णयलाई बेलायती राजतन्त्रलाई थप पारदर्शी र उत्तरदायी बनाउने प्रयासका रूपमा हेरिएको छ । *रासस/एपी*

# 'अमेरिकी आप्रवासी हिरासतको मृत्युदर दशककै उच्च'

**न्युयोर्क–** अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पको आप्रवासीहरूविरुद्धको कडा कदमको बीचमा अध्यागमन र भन्सार प्रवर्तन (आइसिई) हिरासतमा मृत्युवरण गर्ने व्यक्तिको संख्या एक दशककै उच्चस्थतमा पुगेको जनाइएको छ ।

सन् २०२५ जनवरीमा ट्रम्पको दोस्रो कार्यकाल सुरु भएदेखि आइसिई हिरासतमा कम्तीमा ५२ जनाको मृत्यु भएको 'ह्युमन राइट्स वाच' र 'फिजिसियन्स फर ह्युमन राइट्स' को संयुक्त प्रतिवेदनले पुष्टि गरेका छन् ।

ट्रम्पले आफ्नो दोस्रो कार्यकालमा अवैध आप्रवासन नीतिलाई उच्च प्राथमिकता दिएसँगै अमेरिकी अधिकारीहरूले हजारौं मानिसहरूलाई हिरासतमा लिएको जनाइएको छ । सन् २०२५ जनवरी देखि सन् २०२६ को जनवरीसम्म, आइसिई हिरासतमा वार्षिक मृत्युदर एक वर्षअघिको तुलनामा १४० प्रतिशतले बढेको प्रतिवेदनले जनाएको छ ।

मृत्युदर ट्रम्पका पूर्ववर्ती जो बाइडेनको शासनकालमाभन्दा लगभग चार गुणा र सन् २०१७ देखि २०२१ सम्म रिपब्लिकनको पहिलो कार्यकालको तुलनामा दुई गुणा बढी रहेको प्रतिवेदनले जनाएको छ । हिरासतमा मृत्युदर उच्च स्तरमा बढेको प्रतिवेदनका सहलेखक एचआरडब्लु अनुसन्धानकर्ता रेगन विलियम्सलाई उद्धृत गर्दै एएफपीले जनाएको छ ।

हिरासतमा रहेका एक जना व्यक्तिलाई नजरबन्दमा स्ट्रोक भएको भए पनि उपयुक्त औषधि उपचार नगरिएको विषयलाई प्रतिवेदनमा साभार गरिएको छ । यसैगरी अर्को उदाहरणका लागि एक जना मेक्सिकनको हृदयघातपछि आवश्यक उपचारको अभावमा मृत्यु भएको उल्लेख गरिएको छ । प्रतिवेदनमा आप्रवासन हिरासत केन्द्रहरू बढ्दै जाँदा, चिकित्सा सेवामा कमी आएको जनाइएको छ ।

हार्वर्ड मेडिकल स्कुलकी बालरोगकी सहायक प्राध्यापक र प्रतिवेदनकी सहलेखिका क्याथरिन पिलरले आइसिई बन्दीहरूलाई सुरक्षा दिन अमेरिकी सरकार असफल भएको बताएकी छन् । प्रतिवेदनले आइसिई हिरासतमा आत्महत्या गर्ने मानिसहरूको ठूलो संख्यालाई पनि प्रकाश पार्दै सन् २०२५ जनवरीदेखि सन् २०२६ जनवरीसम्म सात जनाको मृत्यु भएको जनाइएको छ । *रासस/एएफपी*


**Fewa HR Solutions Pvt. Ltd.**
KMC-32, Tinkune, Kathmandu, Office: +977-1-4117992, 4117997
E-mail: fewahrsolutions@gmail.com, website: www.fewahrsolutions.com
श्रम इजाजत नं. १४८५/०७४/०७५

**कुवेतमा रोजगार** कम्पनी : GOOD DAY RESTAURANT CO. शेवा शुल्क: १०,000

पूर्व स्वीकृति मिति : २०८३/03/११ LT. No. 344002 चलानी नं. ६०२५७३०१

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Barista | 25 | 0 | 130 | ६३,४५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तर्वार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ असार १९ गते (3rd July 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | रु.७००/- कामदार आफैंले | कामदार आफैं |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**कुवेत/मलेसियामा रोजगार** कम्पनी : Jabati Rashid Snacks सेवा शुल्क: १०,000

पूर्व स्वीकृति मिति : २०८२/०८/१६ पुन विज्ञापन स्वीकृति मिति : २०८३/03/११ LT. No. 334439 चलानी नं. ६०२४७७५६

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Assistant Chef | 20 | 0 | 150 | ७३,१६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | LIGHT DRIVERS | 15 | 0 | 150 | ७३,१६५ | | | | | | | |

कम्पनी : Nail Toro Ladies Beauty Salon Company

पूर्व स्वीकृति मिति : २०८१/१०/२० पुन विज्ञापन स्वीकृति मिति : २०८३/03/११ LT. No. 318056 चलानी नं.६०२३२३४५

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Hair Dresser/hair Stylist | 0 | 2 | 150 | ७३,१६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Indoor Cleaner | 0 | 2 | 120 | ५८,५३२ | | | | | | | |
| 3 | Light Driver | 2 | 0 | 140 | ६८,२८७ | | | | | | | |
| 4 | Manicurist/pedicurist | 0 | 2 | 150 | ७३,१६५ | | | | | | | |
| 5 | Nail Artist | 0 | 6 | 150 | ७३,१६५ | | | | | | | |

कम्पनी : GOLD SUSPENSION SYSTEM MALAYSIA SDN. BHD

पूर्व स्वीकृति मिति : २०८२/१२/१० पुन विज्ञापन स्वीकृति मिति : २०८३/03/११ LT. No. 340156 चलानी नं.६०२५३६१७

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Manufacturing Worker | 80 | 0 | 1700 | ६२,३५८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तर्वार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति : २०८३ असार १९ गते (3rd Jul. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Omega International Pvt. Ltd.**
Basundhara, Kathmandu, Nepal, Ph. No: +977-4954327, 4954337, E-mail : info@omeganepal.com, Website : www.omeganepal.com
Govt. License No. 1352/074/075

प्रभाव दैनिक National Daily

# अर्थ बजार

आजको मूल्य

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
|---|---|---|
| प्रति तोला – २७८३०० | प्रति तोला – ० | प्रति तोला – ४२३५ |



**खेतीमा मेसिन** | मोरङको बेलबारी-९, माझीगाउँस्थित खेतमा आधुनिक मेसिनको प्रयोगबाट धान काट्दै किसान । पछिल्लो समय कृषिमा बढ्दो यान्त्रिकरणको प्रयोगले काम गर्न किसानलाई सहज हुँदै गएको छ । *तस्बिर : विवेक मिश्र/रासस*

# वीरगञ्जबाट उठ्यो ११ महिनामा दुई खर्ब २१ अर्ब राजस्व

■ प्रभाव संवाददाता

**वीरगञ्ज** – वीरगञ्ज भन्सार कार्यालयले चालु आर्थिक वर्षको ११ महिनामा रु दुई खर्ब २१ अर्ब ७८ करोड राजस्व संकलन गरेको छ । कार्यालयले चालु आवमा रु दुई खर्ब ४९ अर्ब १९ करोड राजस्व संकलन गर्ने लक्ष्य राखेको थियो । तर,सो अवधिमा भने लक्ष्यको ८९ प्रतिशत मात्रै राजस्व संकलन गरेको हो । वीरगञ्ज भन्सार कार्यालयका सूचना अधिकारी उदयसिंह विष्टले चालु आवको ११ महिनामा राजस्व संकलन उत्साहजनक भएको दाबी गरे ।

'कार्यालयले गत आर्थिक वर्षको ११ महिनाको तुलनामा चालु आवको ११ महिनाको अवधिमा  नौ प्रतिशत बढी अर्थात रु १७ अर्ब ९७ करोड राजस्व संकलन भएको छ', उनले भने । कार्यालयले गत आवको ११ महिनामा भने रु दुई खर्ब तीन अर्ब ८१ करोड राजस्व संकलन गरेको थियो ।

भन्सार विभागले कार्यालयलाई वर्षभरिमा रू दुई खर्ब ७३ अर्ब ३९ करोड राजस्व संकलन गर्ने लक्ष्य दिएको थियो । कार्यालयले चालु आवको साउनमा रु १८ अर्ब ४४ करोड, भदौमा रु २० अर्ब ७४ करोड,




असोजमा रु १९ अर्ब नौ करोड, कात्तिकमा रु १७ अर्ब ३३ करोड, मङ्सिरमा रु २० अर्ब ८० करोड राजस्व संकलन गरेको थियो ।

पुसमा रु २० अर्ब २० करोड, माघमा रु १८ अर्ब ९२ करोड, फागुनमा रू १९ अर्ब ३४ करोड र चैतमा रु २२ अर्ब ८२ करोड राजस्व संकलन गरेको छ । कार्यालयले वैशाखमा रु २१ अर्ब ७४ करोड राजस्व संकलन गरेको छ । जेठ महिनामा रु २२ अर्ब ३२ करोड राजस्व संकलन गरेको छ । कार्यालयका अनुसार चालु आर्थिक वर्षको ११ महिनामा वीरगञ्ज नाका हुँदै आठ खर्ब ९० अर्ब सात करोड मूल्य पर्ने वस्तु तथा सामान भित्रिएको छ ।

गत आवको ११ महिनाको अवधिमा भने सात खर्ब ७० अर्ब मूल्य पर्ने वस्तु तथा सामान भित्रिएको थियो । चालु आवको ११ महिनामा यो नाका हुँदै रु ९९ अर्ब ६६ करोड मूल्य पर्ने वस्तु तथा सामान विदेशीमुलुक निर्यात भएको छ ।  गत आवको ११ महिनामा भने ९६ अर्ब ७२ करोड मूल्य पर्ने वस्तु तथा सामान निर्यात भएको थियो ।

# लमजुङमा बढ्यो विद्युत् उत्पादन

■ प्रभाव संवाददाता

**लमजुङ** – जलविद्युत् आयोजनाको 'हब' बन्दै गरेको गण्डकी प्रदेशमा पर्ने लमजुङमा यतिबेला विद्युत् उत्पादन बढ्न थालेको छ । पर्याप्त पानी अभावमा विद्युत् उत्पादनमा कमी आइरहेको यहाँका विभिन्न आयोजनामा बर्खा लागेसँगै नदीनालामा पानीको बहाव बढ्न थालेपछि विद्युत् उत्पादन बढ्न थालेको हो ।

बेँसीसहर नगरपालिका-१ दलालमा रहेको जिल्लाको पहिलो ७० मेगावाट क्षमताको मध्यमर्स्याङ्दी जलविद्युत् आयोजना केन्द्रमा पनि विद्युत् उत्पादन बढेको छ । केन्द्रका आयोजना प्रमुख तारादत्त भट्टले भने, 'मर्स्याङ्दी नदीमा आयोजनाका लागि पानी पर्याप्त नहुँदा हिउँदमा बिजुली उत्पादन कमी भइरहेको थियो । पानी पर्याप्त हुन थालेपछि करिब १५ दिन अघिदेखि पूरै क्षमतामा बिजुली उत्पादन भइरहेको छ ।'

यस आवमा पानीको अभावले हिउँदमा २६-२७ मेगावाट मात्रै उत्पादन हुँदै आएकामा बर्खा लागेसँगै विस्तारै आयोजनाले आफ्नै क्षमतामा बिजुली उत्पादन गरिरहेको उनले जानकारी दिए । उनका अनुसार यहाँ ३५/३५ क्षमताका दुई वटा टर्बाइनबाट ७० मेगावाट क्षमताको विद्युत् उत्पादन हुन्छ । सन् २००० मा रु २७ अर्ब २० करोड लागतमा निर्माण सुरु भई सन् २००८ मा सम्पन्न भएसँगै आयोजनाबाट विद्युत् उत्पादन हुन थालेको थियो ।

त्यस्तै, मर्स्याङ्दी गाउँपालिका-८ स्थित भुलभुलेमा रहेको ५० मेगावाट क्षमताको माथिल्लो मर्स्याङ्दी 'ए' जलविद्युत् आयोजनाको उत्पादनसमेत बढ्न थालेको आयोजना कार्यालयले जनाएको छ । आयोजनाका अनुसार केही दिन अघिदेखि पूरै क्षमतामा बिजुली उत्पादन भइरहेको छ । सन् २०१३ जनवरीदेखि आयोजना निर्माण थालनी गरी सन् २०१७ जनवरीदेखि व्यावसायिक रूपमा उत्पादन थालेको थियो ।

चिनियाँ बहुराष्ट्रिय कम्पनी सिनो हाइड्रोको ९० र नेपालको चितवन कोइ समूह (सगरमाथा हाइड्रोपावर कम्पनी) को १० प्रतिशत लगानीमा आयोजना निर्माण सम्पन्न भएको थियो । ५४ मेगावाट क्षमताको सुपर दोर्दी 'ख', ३० मेगाावट क्षमताको न्यादी हाइड्रोपावर, २७ मेगावाटको दोर्दीखोला, २५ मेगावाटको अपर दोर्दी 'ए', १२ मेगावाटको दोर्दी-१, सात मेगावाटको उपरमिदिम, पाँच मेगावाटको सिउरीखोला तथा चार दशमलव चार मेगावाटको राँधीखोला आयोजनामा पनि विद्युत् उत्पादन वृद्धि भइरहेको छ ।

त्यस्तै, चार-चार मेगावाट क्षमताका खुदीखोला साना जलविद्युत् आयोजना र अपर छन्दीखोला, तीन मेगावाटको मिदिमखोला, दुई दशमलव चार मेगावटको अपर स्याँगे खोला, दुई मेगावाटको छन्दीखोला, १८३ किलोवाटको स्याँगे माइक्रोहाइड्रो र ८० किवाको मिदिम माइक्रोहाइड्रोमा पनि विद्युत् उत्पादन बढ्न थालेको आयोजना प्रमुख तारादत्त भट्टले जानकारी दिए ।

जिल्लामा उत्पादन थालेका आयोजनाको बिजुली राष्ट्रिय प्रसारण लाइनमा जोडिएर देशलाई उज्यालो बनाउन महत्वपूर्ण भूमिका निर्वाह गरिरहेका जानकारहरू बताउँछन् । ती आयोजनामा विद्युत् उत्पादन कम भएमा वा वृद्धि भएका आर्थिक रूपमा मुलुकमा पनि प्रभाव पारेको देखिन्छ । जिल्लामा बर्सेनि मर्स्याङ्दी नदी, दोर्दी, किसेदी, फिदिम खोलालगायत खोलामा पानीको बहाव कम हुँदा उत्पादन घट्ने र पानी पर्याप्त भएपछि पूर्ण क्षमतामा विद्युत् उत्पादन हुने गरेको छ ।

# सरकारी आश्वासनपछि चिया उद्योग खुले

**काठमाडौं** (**प्रस**)– नेपाल चिया उत्पादक संघले बन्द रहेका चिया उद्योग बिहीबारदेखि पुनःसञ्चालन गर्ने तथा बन्दका कार्यक्रम स्थगन गर्ने निर्णय गरेको छ ।

भारततर्फ चिया निर्यातमा देखिएको समस्याका कारण बन्द गरिएका झापा र इलामका चिया उद्योग बिहीबारदेखि पुनःसञ्चालन भएका हुन् । नेपाल चिया उत्पादक संघले बिहीबार जारी गरेको विज्ञप्तिमा सरकारबाट चिया क्षेत्रका समस्यालाई समाधान गर्ने आश्वासन प्राप्त भएपछि उद्योग पुनःसञ्चालन गर्ने निर्णय गरिएको जनाएको छ ।

'चिया निर्यातमा देखिएका व्यापारिक तथा प्राविधिक समस्या समाधान गर्न, किसानले भोग्दै आएका समस्या पहिचान र नेपाली चियाको अन्तरराष्ट्रिय बजार प्रवर्द्धन गर्ने दीर्घकालीन जिम्मेवारीसहित सरकारले विशेष कार्यदल गठन गरेको कार्यदललाई संघले सकारात्मक रूपमा लिएको छ', विज्ञप्तिमा उल्लेख छ, 'अतःसरकारको सकारात्मक पहललाई सम्मान गर्ने र चिया क्षेत्र खुला गर्ने निर्णय गरिएको छ ।'

भारतीय चिया बोर्डले लागू गरेको नयाँ एसओपीका कारण नेपाली चिया निर्यातमा अवरोध उत्पन्न भएपछि उद्योगीहरूले उद्योग बन्द गरेका थिए । यही असार ८ गते सरकारले चिया निर्यातमा देखिएको समस्या अध्ययन गरी समाधानका उपाय सुझाउन उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयअन्तर्गतको सहसचिवको संयोजकत्वमा कार्यदल गठन गरेको थियो ।

# नेप्सेमा गिरावट

**काठमाडौं** (**प्रस**)– धितोपत्र बजारमा शेयर कारोबार मापन नेप्से परिसूचक बिहीबार पनि ओरालो लागेको छ । नेपाल स्टक एक्सचेञ्जका अनुसार नेप्से परिसूचक आठ दशमलव ५० अंकले ओरालो लागेर दुई हजार ६५१ दशमलव ५२ मा सीमित भएको हो ।

ठूला कम्पनीको कारोबार मापन गर्ने सेन्सेटिभ परिसूचक शून्य दशमलव ६४ अंकले ओरालो लागेर ४५८ दशमलव २३ मा सीमित भएको छ । कूल तीन सय ३८ कम्पनीको ६४ लाख ८० हजार ५९९ कित्ता शेयर रु दुई अर्ब ८३ करोड ८२ लाख ७९ हजार ४११ मूल्यमा खरिद बिक्री भएको नेप्सेले जनाएको छ ।

कारोबारका आधारमा सोपान फर्मासिटिकल्स शीर्ष स्थानमा छ । त्यस्तै, रिलायन्स स्पिनिङ मिल्स, सप्तकोशी डेभलपमेन्ट बैंक, आँखुखोला जलविद्युत् कम्पनी र नेपाल एसबिआई बैंक शीर्ष पाँचभित्र परेका छन् ।

# नागरिक लगानी कोष र तामाकोशीबीच सम्झौता



**काठमाडौं** (**प्रस**)– नागरिक लगानी कोष र दोलखाको तामाकोशी गाउँपालिकाबीच नागरिक पेन्सन योजना सञ्चालन गर्नेसम्बन्धी समझदारी पत्रमा हस्ताक्षर भएको छ । सो सम्झौतामा बिहीबार कोषका निमित्त कार्यकारी निर्देशक शोभा श्रेष्ठ सुवेदी र गाउँपालिकाका अध्यक्ष प्रोणप्रताप केसीले हस्ताक्षर गरेका हुन् ।

सम्झौताअनुसार गाउँपालिकाले श्रमिक कल्याण कोष सञ्चालन कार्यविधिअनुसार सहभागीलाई श्रमिक कल्याण कोषबाट गाउँपालिकाले मासिक रु ५०० र सहभागी श्रमिकले मासिक रु ५०० योगदान गरी प्रतिमहिना रु एक हजार जम्मा गर्ने व्यवस्था गरिनेछ । यसका लागि कोषले योजना सञ्चालन गर्न आवश्यक केवाइसी फाराम तथा व्यक्तिगत विवरण कार्ड निःशुल्क उपलब्ध गराउनेछ भने गाउँपालिकाले सहभागी श्रमिक तथा उनीहरूको व्यक्तिगत खातासम्बन्धी विवरण अद्यावधिक राख्नुपर्नेछ । सहभागी श्रमिकले नागरिक पेन्सन योजना सञ्चालन कार्यविधि, २०७६ बमोजिम ६० वर्ष उमेर पुगेपछि पेन्सन सुविधा प्राप्त गर्नेछन् ।

पेन्सन प्राप्त गरिरहेका सहभागीको मृत्यु वा हराएको, बेपत्ता भएको अवस्थामा निजको श्रीमान् वा श्रीमतीलाई प्रचलित व्यवस्थाअनुसार सहभागीले पाएसरह आजीवन पेन्सन उपलब्ध गराइनेछ । दुवैको मृत्यु भएमा खातामा रहेको बचत रकम नजिकको हकवालालाई उपलब्ध गराइने व्यवस्था गरिएको छ । योजनामा सहभागी भएको पाँच वर्ष पूरा भएपछि जम्मा भएको रकमको ८० प्रतिशतसम्म रकम गाउँपालिकाको सिफारिसमा सापटीका रूपमा लिन सकिने व्यवस्था छ ।

**सरकारी तथा सार्वजनिक सम्पत्तिको संरक्षण गरौं**

- सडक, पार्क, विद्यालय, अस्पताल, कार्यालय जस्ता संरचनामा तोडफोड तथा क्षति नपुऱ्याऔं,
- सार्वजनिक स्थलमा सरसफाई गरौं,
- सरकारी सामाग्रीको हिनामिना तथा दुरूपयोग नगरौं/नगराऔं,
- ऐतिहासिक, सांस्कृतिक तथा प्राकृतिक सम्पदाको संरक्षण गरौं,
- अनधिकृत अतिक्रमण र क्षतिबाट सार्वजनिक सम्पत्तिलाई जोगाऔं,
- जिम्मेवार नागरिक बनेर सार्वजनिक सम्पत्तिको संरक्षण गरौं ।

**सार्वजनिक सम्पत्ति हामी सबैको सम्पत्ति हो, संरक्षण गर्नु हामी सबैको दायित्व हो ।**

नेपाल सरकार
विज्ञापन बोर्ड

**विज्ञापन वापतको रकम भुक्तानी गर्नेबारे अत्यन्त जरुरी सूचना**

यस **प्रभाव राष्ट्रिय दैनिक**मा विज्ञापन प्रकाशित गरी कारोबार गर्दै आउनुभएका विज्ञापन एजेन्सी तथा अन्य विज्ञापनदाताहरूले विज्ञापन प्रकाशित गरे वापत हालसम्मको **बाँकी बक्यौता रकम भुक्तानी**का लागि पटक पटक मौखिक तथा लिखित अनुरोध गर्दा पनि भुक्तानी नगर्नु भएकोले यही **मिति २०८३ असार २५ गते**भित्र भुक्तानी गर्नुहुन यो सार्वजनिक सूचना प्रकाशित गरिएको छ । अन्यथा यस अवधिभित्र पनि हिसाब फछ्र्योट तथा मिलान नगरिएमा यस **प्रभाव राष्ट्रिय दैनिक**को रेकर्डमा रहिआएको हिसाब नै अन्तिम मानिने र हालसम्म उपलब्ध गराइएको कमिसन सुविधासमेत उपलब्ध गराउन नसकिने तथा रकम भुक्तानी नगर्ने कम्पनी, संस्थाहरूका सञ्चालकको नाम र फोटो सहित सार्वजनिक गरी रकम भुक्तानीका लागि कानून वमोजिम कार्वाही अगाडि बढाइने व्यहोरा समेत यसै सूचना मार्फत जानकारी गराइन्छ ।

लेखा शाखा
**प्रभाव पब्लिकेसन प्रा.लि.**
सिफल-७, काठमाडौं, नेपाल, फोन: ९७७-१-४३७३५७७, ४५८४३६८, मोबाइल नं. ९७६१८१५४००
Email:Marketing2prabhab@gmail.com